# प्रादेशिक आर्थिक गतिविधि अध्ययन
# (सुदूरपश्चिम प्रदेश)

## वार्षिक प्रतिवेदन
## (आर्थिक वर्ष २०७९/८०)




**नेपाल राष्ट्र बैंक**
**धनगढी कार्यालय**
**(२०८० मसिंर)**

# भूमिका

नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा १२ अनुसार बैङ्कले मूल्य स्थिरता, शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, मुद्राप्रदाय तथा विदेशी विनिमयजस्ता विषयमा अध्ययन गर्ने, तथ्याङ्क संकलन/प्रशोधन/विश्लेषण गर्ने र नीति निर्माण गर्ने कार्य गर्दै आएको छ । त्यसै गरी ऐनको दफा १० को उपदफा ३ अनुसार नेपाल सरकार, सार्वजनिक निकाय तथा निजी क्षेत्रले यस बैंङ्कलाई आर्थिक तथा वित्तीय विषयमा आवश्यक तथ्याङ्क उपलब्ध गराउनु पर्ने कानुनी व्यवस्था रहेको छ । साथै, नेपाल राष्ट्र बैङ्कले मौद्रिक नीति तर्जुमा तथा कार्यान्वयन गर्न वास्तविक क्षेत्रसँग सम्वन्धित तथ्याङ्कको नियमित संकलन तथा विश्लेषण गर्दछ ।

यस बैंकको "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित)" को आधारमा यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत सुदूरपश्चिम प्रदेशका ९ जिल्लामध्ये तराई क्षेत्रमा पर्ने कैलाली र कञ्चनपुर, पहाडी क्षेत्रमा पर्ने डोटी, डडेलधुरा, अछाम र बैतडी तथा हिमाली क्षेत्रमा पर्ने दार्चुला, बझाङ र बाजुरा जिल्लामा स्थलगत तथा गैह्रस्थलगत सर्वेक्षण गरिएको छ । सो सर्वेक्षण तथा अन्तरक्रिया एवम् प्राप्त जानकारीको आधारमा कृषि, उद्योग, सेवा, पूर्वाधार विकास लगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरुको जिल्लास्थित विभिन्न सरकारी कार्यालय, क्षेत्रीय निर्देशनालय, मन्त्रालयहरु एवम् सम्बन्धित परियोजना/उद्योग/प्रतिष्ठानबाट प्राप्त तथ्याङ्कका आधारमा संकलन गरिएको तथ्याङ्कको प्रशोधन र विश्लेषण गरी विगत वर्षहरुमा जस्तै आर्थिक वर्ष २०७९/८० को सुदूरपश्चिम प्रदेशको वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ । प्रतिवेदनमा सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा पहिचान भएका क्षेत्रगत समस्या/चुनौती तथा आगामी अवधिको क्षेत्रगत परिदृश्य समेत चित्रण गरिएको छ ।

प्रतिवेदन तयारीका क्रममा आवश्यक तथ्याङ्क तथा सूचनाहरु समयमै उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने जिल्लास्थित विभिन्न सरकारी कार्यालयहरु, क्षेत्रीय निर्देशनालयहरु, मन्त्रालयहरु एवम् विभिन्न परियोजना/उद्योग/प्रतिष्ठान, सरोकारवाला निकाय तथा निजी क्षेत्रका कार्यालय एवम् संस्थाहरुप्रति हार्दिक आभार प्रकट गर्दछु । यसैगरी यो प्रतिवेदन तर्जुमा गर्ने कार्यमा महत्वपूर्ण योगदान दिनुहुने नेपाल राष्ट्र बैंक, धनगढी कार्यालयका उपनिर्देशक श्री राजन बाबु पाण्डेय र तथ्याङ्क संकलन तथा प्रतिवेदन लेखन कार्यमा अहोरात्र खटिने सहायक निर्देशकद्वय श्री ध्रुब कार्की र श्री भोजराज भट्ट, प्रधान सहायकद्वय श्री ललित कार्की तथा श्री अर्जुन बहादुर धामीलाई धन्यवाद दिन चाहन्छु ।

बिनोद राज लेखक

निर्देशक

**नेपाल राष्ट्र बैंक**

**धनगढी कार्यालय**

# विषय-सूची


| | | | पेज नं. |
|---|---|---|---|
| **सारांश** | | | **क** |
| **परिच्छेद १** | **अध्ययन परिचय** | | १ |
| **परिच्छेद २** | **प्रदेशको तुलनात्मक स्थिति** | | |
| | २.१ | राष्ट्रिय अर्थतन्त्रमा सुदूरपश्चिम प्रदेशको क्षेत्रगत हिस्सा | ३ |
| | २.२ | अन्तर प्रदेश तुलना | ४ |
| | २.३ | सुदूरपश्चिम प्रदेशको भूभाग र जनसंख्या | ६ |
| | २.४ | प्रादेशिक क्षमता, चुनौती तथा सम्भावना | ७ |
| **परिच्छेद ३** | **कृषि क्षेत्र** | | |
| | ३.१ | कृषि उपजले ढाकेको भू-क्षेत्र | ९ |
| | ३.२ | कृषि उत्पादन | १० |
| | ३.३ | पशुपन्क्षी, माछा तथा वनजन्य उत्पादन | १२ |
| | ३.४ | सिँचाइ | १३ |
| | ३.५ | क्षेत्रगत कृषि कर्जा | १३ |
| | ३.६ | कृषि क्षेत्रका चुनौती र सम्भावना | १४ |
| **परिच्छेद ४** | **उद्योग क्षेत्र** | | |
| | ४.१ | प्रमुख उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी | १७ |
| | ४.२ | क्षेत्रगत औद्योगिक कर्जा | १८ |
| | ४.३ | औद्योगिक क्षेत्रको चुनौती र सम्भावना | १९ |
| **परिच्छेद ५** | **सेवा क्षेत्र** | | |
| | ५.१ | पर्यटन | २१ |
| | ५.२ | सार्वजनिक निर्माण तथा रियल स्टेट | २२ |
| | ५.३ | वित्तीय सेवा | २२ |
| | ५.४ | फण्ड ट्रान्सफर | २५ |
| | ५.५ | यातायत तथा सञ्चार | २५ |
| | ५.६ | शिक्षा तथा स्वास्थ्य | २६ |
| | ५.७ | सेवा क्षेत्र कर्जा | २७ |
| | ५.८ | सहकारी | २८ |
| | ५.९ | सेवा क्षेत्रको चुनौती र सम्भावना | २९ |
| **परिच्छेद ६** | **पुर्वाधार र रोजगारी** | | |
| | ६.१ | पुर्वाधार क्षेत्र | ३१ |
| | ६.२ | प्रदेशका ठूला परियाजनाहरुको स्थिति | ३१ |
| | ६.३ | प्रदेश गौरवका आयोजनाहरुको स्थिति | ३२ |
| | ६.४ | जलविद्युत आयोजना | ३३ |
| | ६.५ | वैदेशिक तथा आन्तरिक रोजगारी | ३४ |
| | ६.६ | पुर्वाधार र रोजगारी क्षेत्रका चुनौती र सम्भावना | ३५ |
| **परिच्छेद ७** | **प्रादेशिक कार्यक्रम तथा योजना** | | |
| | ७.१ | सुदूरपश्चिम प्रदेश सरकारको वित्त स्थिति | ३६ |
| | ७.२ | स्थानीय तहहरुको बजेट कार्यान्वयनको स्थिति | ३७ |
| **परिच्छेद ८** | **आर्थिक परिदृश्य** | | |
| | ८.१ | कृषि क्षेत्र | ३८ |
| | ८.२ | उद्योग क्षेत्र | ३८ |
| | ८.३ | सेवा क्षेत्र | ३८ |
| | ८.४ | पुर्वाधार क्षेत्र | ३८ |

# तालिकाहरुको सूची


| | | |
|---|---|---|
| तालिका २.१: | सुदूरपश्चिम प्रदेशको जिल्लागत जनसंख्या विवरण | ६ |
| तालिका ३.१: | आर्थिक वर्ष २०७९/८० मा कृषि उपजले ढाकेको भू-क्षेत्र | १० |
| तालिका ३.२: | आर्थिक वर्ष २०७९/८० मा प्रमुख कृषि बालीहरुको जिल्लागत उत्पादन | ११ |
| तालिका ३.३: | प्रमुख पशुपंक्षीजन्य उत्पादन | १३ |
| तालिका ४.१: | आ.व. २०७९/८० मा सुदूरपश्चिम प्रदेशमा स्थापना भएका उद्योगहरुको विवरण | १८ |
| तालिका ४.२: | जिल्लागत औद्योगिक कर्जा प्रवाह | १९ |
| तालिका ५.१: | बैंक तथा वित्तीय संस्थाका शाखा | २३ |
| तालिका ५.२: | जिल्लागत निक्षेप तथा कर्जाको अवस्था | २४ |
| तालिका ५.३: | यातायत साधनको संख्या | २६ |
| तालिका ५.४: | सञ्चार सुविधा | २६ |
| तालिका ५.५: | शैक्षिक तथ्याङ्क | २६ |
| तालिका ५.६: | स्वास्थ्य तथ्याङ्क | २७ |
| तालिका ५.७: | सेवाक्षेत्र कर्जा प्रवाहको अवस्था | २८ |
| तालिका ५.८: | नमुना छनौट गरिएका सहकारीहरुको वित्तीय स्थिती | २८ |
| तालिका ६.१: | प्रदेश गौरवका आयोजनाहरुको प्रगति विवरण | ३३ |
| तालिका ६.२: | प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सृजित रोजगारीको अवस्था | ३४ |
| तालिका ७.१: | सुदूरपश्चिम प्रदेशको बजेटको प्रगति विवरण | ३६ |
| तालिका ७.२: | स्थानीय तहहरुमा भएको बजेट विनियोजन तथा कार्यान्वयनको अवस्था (रु. अर्बमा) | ३७ |
| तालिका ७.३: | आ.व.२०७९/८० मा स्थानीय तहहरुको बजेट प्राथमिकताको कार्यान्वयन अवस्था (प्रतिशतमा) | ३७ |

# चार्टहरुको सूची


| | | |
|---|---|---|
| चार्ट २.१ | बृहत आर्थिक क्षेत्र अनुसार योगदान (प्रतिशत) चार्ट | ३ |
| चार्ट २.२ | आर्थिक वर्ष २०७९/८० मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान (प्रतिशतमा) | ४ |
| चार्ट २.३ | वृहत औद्योगिक वर्गीकरण अनुसारको राष्ट्रिय कुल गार्हस्थ उत्पादनमा सुदूरपश्चिम प्रदेशको क्षेत्रगत हिस्सा (प्रचलित मूल्य) (प्रतिशतमा) | ४ |
| चार्ट २.४ | प्रदेशस्तरीय कुल गार्हस्थ्य उत्पादन वृद्धिदर | ५ |
| चार्ट २.५ | कुल गार्हस्थ उत्पादनमा प्रदेशको क्षेत्रगत हिस्सा (प्रतिशत) | ६ |
| चार्ट ३.१ | प्रमुख कृषि बालीले ढाकेको क्षेत्रफल (हजार हेक्टरमा) | ९ |
| चार्ट ३.२ | प्रमुख खाद्यान्न बालीको उत्पादन स्थिति (हजार मेट्रिक टनमा) | १० |
| चार्ट ३.३ | प्रमुख खाद्य तथा अन्य बालीको जिल्लागत उत्पादन स्थिति (हजार मेट्रिक टनमा) | ११ |
| चार्ट ३.४ | सिंचाई क्षेत्रमा भएको विस्तार (हजार हेक्टरमा) | १३ |
| चार्ट ३.५ | क्षेत्रगत कृषि कर्जा प्रवाहको अवस्था (रु. दश लाखमा) | १४ |
| चार्ट ४.१ | प्रमुख औद्योगिक वस्तुको क्षमता उपयोग | १७ |
| चार्ट ४.२ | औद्योगिक कर्जा प्रवाह (रु. दश लाखमा) | १९ |
| चार्ट ५.१ | घरजग्गा कारोबार अवस्था | २२ |
| चार्ट ५.२ | बैंक तथा वित्तीय संस्थाका शाखा संख्या | २३ |
| चार्ट ५.३ | निक्षेप तथा कर्जाको अवस्था (रु. अर्बमा) | २३ |
| चार्ट ५.४ | निक्षेपकर्ता तथा ऋणीहरुको संख्या | २४ |
| चार्ट ५.५ | विविध प्रकारका कर्जा (रु. दश लाखमा) | २५ |
| चार्ट ५.६ | जिल्लागत फण्ड ट्रान्सफरको अवस्था (रु. करोडमा) | २५ |
| चार्ट ५.७ | सेवा क्षेत्र कर्जा प्रवाह (रु. अर्बमा) | २७ |
| चार्ट ५.८ | नमुनाको रुपमा छनौट गरिएका सहकारीहरुको बचत तथा ऋणको अवस्था (रु. दश लाखमा) | २९ |
| चार्ट ७.१ | कुल विनियोजित बजेट र खर्चको तुलनात्मक अवस्था (रु.अर्बमा) | ३६ |
| चार्ट ७.२ | आ.व. २०७९/८० मा बजेट विनियोजनको प्राथमिकता (रु. करोडमा) | ३७ |

# सारांश

सुदूरपश्चिम प्रदेश अन्तर्गतका ९ वटै जिल्लाहरुको स्थलगत तथा गैरस्थलगतरुपमा अध्ययन गरी यस कार्यालयले तयार गरेको आर्थिक वर्ष २०७९/८० को वार्षिक आर्थिक गतिविधि अध्ययन सम्बन्धी प्रतिवेदनको कार्यकारी सारांश निम्नानुसार रहेको छ ।

## समष्टिगत आर्थिक स्थिति

१. आर्थिक वर्षको २०७९/८० मा राष्ट्रिय वार्षिक कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा रु. ५३ खर्ब ८१ अर्ब रहने अनुमान गरिएकोमा सुदूरपश्चिम प्रदेशको कुल गार्हस्थ उत्पादन उपभोक्ता मूल्यमा रु. ३ खर्ब ७६ अर्ब रहने अनुमान छ । गत आ.व. २०७८/७९ मा राष्ट्रिय तहमा कुल गार्हस्थ उत्पादनको ७ प्रतिशत हिस्सा ओगटेको यस प्रदेशले यस आ.व.मा समेत ७ प्रतिशत योगदान पुर्याउने अनुमान रहेको छ ।

२. कुल गार्हस्थ्य उत्पादनको वृद्धि दर चालु आ.व.मा राष्ट्रिय तहको उपभोक्ता मूल्यमा १.८६ प्रतिशत अनुमान गरिएकोमा सुदूरपश्चिम प्रदेशको आर्थिक बृद्धिदर १.७८ प्रतिशत रहने अनुमान छ ।

३. यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सबभन्दा बढी योगदान ३३.४ प्रतिशत कृषि क्षेत्रको रहेको छ भने सबैभन्दा कम योगदान ०.१ प्रतिशत प्रशासनिक सहयोगी सेवा क्षेत्रको रहेको छ ।

## कृषि

४. समीक्षा वर्षमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) ले ढाकेको भू-क्षेत्र ४.२३ प्रतिशतले वृद्धि भएको छ भने यस्ता बालीको उत्पादन १४.७४ प्रतिशतले बढेको छ ।

५. समीक्षा वर्षमा प्रमुख खाद्य तथा अन्य बालीमध्ये सबैभन्दा बढी जौं र धानको उत्पादन क्रमश ५८.३४ र ४९.४० प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, तरकारी उत्पादनमा १३.४४ प्रतिशतले वृद्धि भएको छ भने फलफूल तथा मसला उत्पादन ११.०१ प्रतिशतले बढेको छ ।

६. पशुजन्य उत्पादन अन्तर्गत दूध ३.२८ प्रतिशत, मासु २.७६ प्रतिशत र अण्डा ३.०७ प्रतिशतले बढेको छ ।

७. समीक्षा वर्षमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कुल कर्जाको ११.०१ प्रतिशत हिस्सा कृषि क्षेत्रमा प्रवाहित भएको छ । आ.व.२०७८/७९ को तुलनामा समीक्षा वर्षमा कुल कृषि कर्जा १० प्रतिशतले वृद्धि भएको छ ।

## उद्योग

८. समीक्षा वर्षमा प्रदेशका अध्ययन नमूनामा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ५३.२८ प्रतिशत रहेको छ ।

९. औद्योगिक उत्पादनमध्ये समीक्षा वर्षमा तेल, चामल, चिनी, साबुन र ईटाको उत्पादन वृद्धि भएको छ भने गँहुको पीठो र रोजिनको उत्पादनमा ह्रास आएको छ ।

१०. समीक्षा वर्षमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कुल कर्जाको १७.७२ प्रतिशत हिस्सा उद्योग क्षेत्रमा प्रवाहित भएको छ । औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा २०७९ असार मसान्तको तुलनामा ४.७० प्रतिशतले वृद्धि भई रु.२६ अर्ब ८९ करोड २ लाख पुगेको छ ।

## सेवा

११. समीक्षा वर्षमा पर्यटकस्तरीय होटल तथा लजको संख्यामा कुनै परिवर्तन आएको छैन भने होटल शैयाको संख्या १.०३ प्रतिशतले घटेको छ ।

१२. समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशन संख्या ३०.०६ प्रतिशतले घटेको छ भने रजिष्ट्रेशन राजस्व ५४.०१ प्रतिशतले घटेको छ ।

१३. यस प्रदेशका बैंक तथा वित्तीय संस्थाको आर्थिक वर्ष २०७९/८० को असार मसान्तसम्मको निक्षेप २०७९ असार मसान्तको तुलनामा १६.०९ प्रतिशतले बढेको छ भने कर्जा प्रवाह १.५ प्रतिशतले वृद्धि भएको छ ।

१४. समीक्षा वर्षमा यातायात साधन संख्या ३.५८ प्रतिशतले वृद्धि भएको छ ।

१५. समीक्षा वर्षमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कुल कर्जाको ७१.२४ हिस्सा सेवा क्षेत्रमा प्रवाहित भएको छ ।

१६. सुदूरपश्चिम प्रदेश सरकारको चालु खर्चतर्फ बिनियोजन भएको बजेट मध्ये समीक्षा वर्षमा ६७.३३ प्रतिशत खर्च भएको छ भने पुँजीगत खर्चतर्फ बिनियोजन भएको बजेट मध्ये ६५.४ प्रतिशत खर्च भएको छ ।

## पूर्वाधार

१७. समीक्षा वर्षसम्ममा यस प्रदेशका विभिन्न जलविद्युत आयोजनाहरुबाट कुल ११० मेगावाट विद्युत उत्पादन भई १३२ केभी प्रसारण लाईनमा जोडिएको छ ।

१८. समीक्षा वर्षमा यस प्रदेशबाट वैदेशिक रोजगारीमा जाने श्रमिकको संख्या गत आ.व.२०७८/७९ को तुलनामा १७२.५ प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०७९/८० असार मसान्तसम्ममा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सुदूरपश्चिम प्रदेशमा १६ हजार ६ सय ६७ जना लाभान्वित भएका छन् ।

# परिच्छेद १: अध्ययन परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले मौद्रिक नीति तर्जुमा तथा कार्यान्वयन गर्न वास्तविक क्षेत्रसँग सम्बन्धित तथ्याङ्कको नियमित संकलन तथा विश्लेषण गर्दछ । आर्थिक तथा वित्तीय क्षेत्रसँग सम्बन्धित तथ्याङ्क तथा सूचनाको विश्लेषणबाट मुलुकको आर्थिक विकासको अवस्था, आधार एवम् गुणस्तरको जानकारी प्राप्त भई आर्थिक विकास तथा स्थायित्व प्राप्त गर्न र आवश्यक नीति तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्न सहयोग पुग्दछ । नेपाल राष्ट्र बैंकले मुलुकको समष्टिगत अर्थतन्त्र, आर्थिक, वित्तीय र बाह्य क्षेत्रसँग सम्बन्धित तथ्याङ्क तथा विवरण समावेश गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशन गर्दै आएको छ । यस्तो प्रतिवेदन अर्धवार्षिक र वार्षिक गरी वर्षको दुई पटक प्रकाशन हुने गरेको छ । प्रस्तुत प्रतिवेदन आर्थिक वर्ष २०७९/८० को वार्षिक तथ्याङ्कमा (२०७९ साउनदेखि २०८० असार मसान्तसम्मको) आधारित रहेको छ ।

विगतमा देशका ५७ जिल्लाहरुबाट तथ्याङ्क संकलन गरी आर्थिक अध्ययन प्रतिवेदन तयार पार्ने गरिएकोमा “आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६” जारी भएपश्चात् प्रादेशिक ढाँचामा ७ वटै प्रदेशका सबै ७७ जिल्लाको आर्थिक गतिविधिको अध्ययन गरी प्राप्त तथ्याङ्कको विश्लेषणका आधारमा आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार पार्ने गरिएको छ । विगत केही वर्षदेखि यस्तो प्रतिवेदन प्रदेशगत रुपमा तयार गर्ने गरिएको छ । सुदूरपश्चिम प्रदेशको आर्थिक गतिविधि अध्ययन प्रतिवेदनमा यस प्रदेशका दार्चुला, बैतडी, डडेलधुरा, कञ्चनपुर, बझाङ, बाजुरा, अछाम, डोटी र कैलाली गरी जम्मा ९ जिल्लाहरु समेटेर प्रतिवेदन तयार गर्ने गरिएको छ ।

## १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन

सुदूरपश्चिम प्रदेशका ९ वटै जिल्लाहरु समावेश गरी कृषि, उद्योग, सेवा र पूर्वाधार सम्बन्धी प्रगति विवरण, सम्भावना, चुनौती एवम् आगामी परिदृश्य प्रतिवेदनमा समावेश गरिएको छ । त्यस्तै, राष्ट्रिय अर्थतन्त्रमा यस प्रदेशको क्षेत्रगत हिस्सा, अन्य प्रदेशसँगको तुलनात्मक स्थिति, प्रदेशका महत्वपूर्ण आर्थिक परिसूचकहरु समेत यस प्रतिवेदनमा समावेश गरिएको छ । साथै, यस अध्ययन प्रतिवेदनमा सुदूरपश्चिममा लम्पी स्किन रोगको प्रभाव, ड्रेगन फ्रुट खेती, कैलालीमा लघु, घरेलु तथा साना उद्योग र प्रदेशको पर्यटन स्थिती अध्ययन गरी संलग्न गरिएको छ ।

नेपाल राष्ट्र बैंकको “आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित)” को आधारमा यस कार्यालयको कार्य क्षेत्र अन्तर्गत सुदूरपश्चिम प्रदेशका ९ वटै जिल्लाका सम्बन्धित निकायहरुबाट स्थलगत र गैर-स्थलगत माध्यमबाट प्राप्त तथ्याङ्कको प्रशोधन र विश्लेषण, सरोकारवाला निकाय तथा विषय विज्ञसँगको अन्तरक्रियाबाट प्राप्त जानकारी तथा सुझावका आधारमा यो अध्ययन प्रतिवेदन तयार पारिएको छ ।

प्रतिवेदनमा राष्ट्रिय अर्थतन्त्रमा प्रदेशगत हिस्सा र अन्य प्रदेशसँगको तुलनात्मक स्थिति सम्बन्धी तथ्याङ्क राष्ट्रिय तथ्याङ्क कार्यालयबाट, कृषि सम्बन्धी तथ्याङ्क सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द र कृषि विकास निर्देशनालयबाट, पशुपंक्षी सम्बन्धी तथ्याङ्क भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयबाट, सिँचाई सम्बन्धी तथ्याङ्क जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयबाट संकलन गरिएको छ । यसैगरि शिक्षा क्षेत्रको तथ्याङ्क शिक्षा विकास तथा समन्वय इकाई, विश्वविद्यालय तथा प्राविधिक शिक्षालयबाट लिईएको छ भने स्वास्थ्य क्षेत्रको तथ्याङ्क जिल्ला स्वास्थ्य कार्यालयबाट लिईएको छ । यसैगरि विद्युत पहुँचको तथ्याङ्क जिल्लास्थित विद्युत प्राधिकरणबाट लिईएको छ । उल्लिखित विभिन्न निकायहरुबाट प्रदेशमा कृषि उपजले ढाकेको भू-क्षेत्र, कृषि उत्पादन, सिँचाई, पशुपन्छी माछा तथा वनजन्य उत्पादन, शिक्षा, स्वास्थ्य, विद्युत लगायतका तथ्याङ्कहरु संकलन गरिएको छ ।

औद्योगिक क्षेत्रतर्फ, उद्योगहरुको उत्पादन, क्षमता उपयोग, रोजगारी लगायतका विवरण नमूना छनौटमा परेका १३ वटा उद्योगहरुको गैर-स्थलगत सर्वेक्षणबाट संकलन गरिएको छ । बैंकिङ्ग क्षेत्र अन्तर्गत कृषि, उद्योग र सेवा क्षेत्रको जिल्लागत कर्जा, निक्षेप, शाखा संख्या, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा आदि तथ्याङ्क यस बैंकको आर्थिक अनुसन्धान विभाग मार्फत लिइएको छ ।

सेवा क्षेत्र अन्तर्गत पर्यटन गतिविधि सम्बन्धी विवरण नमूना छनौटमा परेका १० वटा होटलहरुबाट स्थलगत तथा गैरस्थलगत सर्वेक्षणबाट प्राप्त गरिएको छ। घर/भवन स्थायी नक्शापास तथ्याङ्क सम्बन्धित जिल्लाका नगरपालिकाहरुबाट, घर जग्गा रजिष्ट्रेशन/राजश्व सम्बन्धी तथ्याङ्क मालपोत कार्यालय, सडक सञ्जाल सम्बन्धी तथ्याङ्क पूर्वाधार विकास कार्यालय र डिभिजन सडक कार्यालयहरुबाट लिइएको छ। यातायाततर्फ, सवारीसाधन संख्या सम्बन्धी विवरण यातायात व्यवस्था कार्यालयबाट लिइएको छ। सहकारी क्षेत्रको स्थिति विश्लेषण गर्न यस प्रदेशका ९ वटा जिल्लाहरुबाट १० बचत तथा ऋण सहकारी संस्थाहरुको नमुना छनौट गरी विवरण संकलन गरिएको छ। यसका साथै यस प्रदेशमा रहेका ५ वटा ठुला नगरपालिकाहरुको वार्षिक आय/व्यय (बजेट) को कार्यान्वयनको स्थिति समेत प्रस्तुत गरिएको छ।

पूर्वाधार क्षेत्र अर्न्तगत यस प्रदेशमा रहेका राष्ट्रिय गौरव तथा प्रदेश गौरवका आयोजना सम्बन्धी विवरण यस प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय तथा जिल्लास्थित पूर्वाधार कार्यालयहरुबाट लिइएको छ। तथ्याङ्क तथा सूचना संकलनको लागि इमेल, वेबसाइट, तथा टेलिफोनलगायत विद्युतीय माध्यमको समेत प्रयोग गरिएको छ। तथ्याङ्कको विश्लेषणको लागि व्याख्यात्मक विधिको प्रयोग गरिएको छ भने संक्षिप्त रुपमा वर्षभरि भएको परिवर्तनलाई समेटेर प्रतिवेदनमा प्रवृत्ति विश्लेषण गरिएको छ।

## १.३ अध्ययन प्रतिवेदनको सीमा

देश प्रादेशिक संरचनामा गईसकेपश्चात तथ्याङ्क उपलब्ध गराउने कार्यालयहरुको पुर्नसंरचना भएको तथा तथ्याङ्क संगठित तथा सु-व्यवस्थित गर्ने कार्य हालसम्म पनि जारी रहेकोले कृषि उत्पादन, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार लगायतका कतिपय विवरणहरुमा समयगत र निकायगत एकरुपता कायम हुन सकेको छैन। यसका साथै, तथ्याङ्कहरुमा नियमित अद्यावधिकता तथा समयमा प्राप्त नहुने समस्या पनि विद्यमान नै रहेको छ।


सेवा क्षेत्र अर्न्तगत पर्यटन सम्बन्धी तथ्याङ्कको हकमा यस क्षेत्रमा रहेका होटल तथा लजहरुबाट पर्यटक सम्बन्धी उपलब्ध सीमित तथ्याङ्क (पर्यटक आगमन संख्या तथा औषत बसाई) विवरणलाई नै आधिकारिकता मानी विश्लेषण गर्ने गरिएको छ।

## १.४ अध्ययन प्रतिवेदनको ढाँचा

यो वार्षिक अध्ययन प्रतिवेदन नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागले जारी गरेको "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित)" बमोजिम निर्देशित ढाँचामा तयार गरिएको छ। उक्त मार्गदर्शनले तोके बमोजिम रहेको यस प्रतिवेदनमा ८ परिच्छेदहरु रहेका छन्।

# परिच्छेद २: प्रदेशको तुलनात्मक स्थिति

राष्ट्रिय तथ्याङ्क कार्यालयले आर्थिक वर्ष २०७९/८० मा अर्थतन्त्रको आर्थिक वृद्धिदर आधारभूत मूल्यमा २.१६ प्रतिशत र उपभोक्ता मूल्यमा १.८६ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान गरेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धिदर क्रमश: ५.२६ र ५.६१ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०७८/७९ मा आधारभूत मूल्यमा प्राथमिक, द्वितीय र सेवा क्षेत्रको आर्थिक वृद्धिदर क्रमश: २.४ प्रतिशत, १०.३ प्रतिशत र ५.९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९/८० मा उक्त क्षेत्रको वृद्धिदर आधारभूत मूल्यमा क्रमश: २.६९ प्रतिशत, ०.५६ प्रतिशत र २.३३ प्रतिशत रहने अनुमान गरिएको छ। आर्थिक वर्ष २०७८/७९ मा कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय र सेवा क्षेत्रको योगदानको हिस्सा क्रमश: २५.२ प्रतिशत, १३.५ प्रतिशत र ६१.२ प्रतिशत रहेकोमा र आर्थिक वर्ष २०७९/८० मा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको २४.६ प्रतिशत, उद्योग क्षेत्रको १२.९ प्रतिशत र सेवा क्षेत्रको ६२.४ प्रतिशत योगदान रहने अनुमान गरिएको छ।





*श्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय।*

मुख्य औद्योगिक वर्गीकरण अनुसार कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २४.१२ प्रतिशत र गैर-कृषि क्षेत्रको योगदान ७५.८८ प्रतिशत रहने अनुमान छ। चालु आर्थिक वर्षको कृषि क्षेत्र (कृषि, वन र मत्स्य)को कुल मूल्य अभिवृद्धि (GVA) २.७३ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान रहेको छ। त्यसैगरी, गैर-कृषि क्षेत्रको मात्र १.९२ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान रहेको छ। औद्योगिक वर्गीकरण अनुसार आर्थिक विकासका गतिविधिहरुको मापन गर्दा राष्ट्रिय तहमा कृषि, वन तथा मत्स्यपालनको योगदान सबैभन्दा बढी रहेको छ भने थोक तथा खुद्रा व्यापार, घरजग्गा कारोबार सेवा र शिक्षा क्रमश: दोस्रो, तेस्रो तथा चौथो स्थानमा रहेका छन्।

## २.१ राष्ट्रिय अर्थतन्त्रमा सुदूरपश्चिम प्रदेशको क्षेत्रगत हिस्सा

राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार आर्थिक वर्ष २०७९/८० मा सुदूरपश्चिम प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा रु. ३ खर्ब ७६ अर्ब हुने अनुमान गरिएको छ भने गत आर्थिक वर्षको संशोधित अनुमान रु. ३ खर्ब ४५ अर्ब रहेको छ। गत आर्थिक वर्षमा राष्ट्रिय तहमा कुल गार्हस्थ्य उत्पादनको ७ प्रतिशत हिस्सा ओगटेको यस प्रदेशले यस आ.व.मा समेत ७ प्रतिशत योगदान पुर्याउने अनुमान छ। यसै गरी गत आर्थिक वर्ष २०७८/७९ मा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर ४.७८ प्रतिशत थियो भने यस आर्थिक वर्ष २०७९/८० मा संकुचन आई १.७८ प्रतिशत कायम रहने अनुमान गरिएको छ। बृहत औद्योगिक वर्गीकरण अनुसार प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी योगदान ३३.४ प्रतिशत कृषि क्षेत्रको रहेको छ भने सबैभन्दा कम योगदान ०.१ प्रतिशत प्रशासनिक सहयोगी क्षेत्रको रहेको छ।


**चार्ट २.२ : आर्थिक वर्ष २०७९/८० मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान (प्रतिशतमा)**




*श्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय।*

बृहत औद्योगिक वर्गीकरण अनुसार आ.व. २०७९/८० को राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा सुदूपश्चिम प्रदेशको क्षेत्रगत हिस्सामध्ये सबैभन्दा बढी हिस्सा १२.७ प्रतिशत सार्वजनिक प्रशासन, रक्षा र अत्यावश्यक सामाजिक सुरक्षा क्षेत्रको रहेको छ भने सबैभन्दा कम हिस्सा १.२ प्रतिशत प्रशासनिक तथा सहयोगी क्षेत्रको रहेको छ।

**चार्ट २.३ : वृहत औद्योगिक वर्गीकरण अनुसारको राष्ट्रिय कुल गार्हस्थ उत्पादनमा सुदूरपश्चिम प्रदेशको क्षेत्रगत हिस्सा (प्रचलित मूल्य) (प्रतिशतमा)**




*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय।*

## २.२ अन्तर प्रदेश तुलना


राष्ट्रिय तथ्याङ्क कार्यालयद्वारा जारी आर्थिक वर्ष २०७९/८० को प्रादेशिक कुल गार्हस्थ्य उत्पादन सम्बन्धी प्रतिवेदनका अनुसार चालु आर्थिक वर्षमा सबै प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर गत आर्थिक वर्षको आर्थिक वृद्धिदर भन्दा बढ्ने अनुमान गरिएको छ।

### *(क) कुल गार्हस्थ्य उत्पादन:*

आर्थिक वर्ष २०७९/८० मा राष्ट्रिय वार्षिक कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा रु.५३ खर्ब ८१ अर्ब हुने अनुमान गरिएकोमा ३६.८ प्रतिशत योगदान सहित सबैभन्दा बढी बागमती प्रदेशको रु. १९ खर्ब ८१ अर्ब हुने अनुमान गरिएको छ भने सबैभन्दा कम हिस्सा ४.१५ प्रतिशतको योगदान सहित कर्णाली प्रदेशको करिव रु. २ खर्ब २१ अर्ब हुने अनुमान गरिएको छ। अघिल्लो आर्थिक वर्षजस्तै आर्थिक वर्ष २०७९/८० मा पनि बागमती प्रदेश पछि कुल गार्हस्थ्य उत्पादनमा बढि योगदान पुर्याउने प्रदेशहरूमा क्रमशः कोशी, लुम्बिनी, मधेस, गण्डकी र सुदूरपश्चिम प्रदेश रहेका छन्।

### *(ख) आर्थिक वृद्धि:*

कुल गार्हस्थ्य उत्पादनको वृद्धि दर चालु आर्थिक वर्ष २०७९/८० मा राष्ट्रिय तहको उपभोक्ता मूल्यमा १.८६ प्रतिशत अनुमान गरिएकोमा गण्डकी प्रदेशको आर्थिक बृद्धिदर सबै भन्दा बढि ३.३ प्रतिशत र बागमती प्रदेशको बृद्धिदर सबैभन्दा कम १.४ प्रतिशत रहने अनुमान गरिएको छ। संशोधित अनुमान अनुसार गत आर्थिक वर्ष २०७८/७९ मा गण्डकी प्रदेशको बृद्धिदर सबै भन्दा बढि ६.३५ प्रतिशत रहन गयो भने मधेश प्रदेशमा सबैभन्दा कम दर ४.६५ देखिएको छ। गत आर्थिक वर्षमा सुदूरपश्चिम प्रदेशको आर्थिक वृद्धिदर ४.८ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा आर्थिक वृद्धिदर १.८ प्रतिशत रहने अनुमान गरिएको छ।





*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय।*

### *(ग) क्षेत्रगत योगदान:*

आर्थिक वर्ष २०७९/८० मा प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रको योगदान सबैभन्दा बढी मधेश प्रदेशको ३५.४ प्रतिशत, उद्योग क्षेत्रको योगदान सबैभन्दा बढी गण्डकी प्रदेशको १७.४ र सेवा क्षेत्रको योगदान सबैभन्दा बढी बागमती प्रदेशको ७७.४ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ।

**चार्ट २.५ : कुल गार्हस्थ उत्पादनमा प्रदेशको क्षेत्रगत हिस्सा (प्रतिशत)**




*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय ।*

प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा सुदूरपश्चिम प्रदेशको प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमशः ३३.७ प्रतिशत, १३.२ प्रतिशत र ५३.१ प्रतिशत रहने अनुमान छ ।

## २.३ सुदूरपश्चिम प्रदेशको भूभाग र जनसंख्या

सुदूरपश्चिम प्रदेशमा ९ जिल्ला रहेका छन । हिमालदेखि तराईसम्म फैलिएको यस प्रदेशले नेपालको कुल भू-भागको १३.२३ प्रतिशत क्षेत्रफल (१९,५१६ वर्ग कि.मि.) ओगटेको छ । यस प्रदेशको पूर्वतर्फ कर्णाली र लुम्बीनी प्रदेश, पश्चिममा भारतको उत्तराखण्ड राज्य, उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत, दक्षिणमा भारतको उत्तर प्रदेश राज्य पर्दछन । प्रशासनिक हिसाबले यस प्रदेशलाई १ उपमहानगरपालिका, ३३ नगरपालिका र ५४ गाँउपालिका गरी ८८ स्थानीय तहमा विभाजन गरिएको छ। २०७८ सालको जनगणना अनुसार यस प्रदेशको कुल जनसंख्या २६,९४,७८३ जना रहेको छ । यसको विस्तृत विवरण देहायबमोजिम रहेको छ ।

**तालिका २.१ : सुदूरपश्चिम प्रदेशको जिल्लागत जनसंख्याको विवरण**

| जिल्ला | जनसंख्या २०६८ | | | जनसंख्या २०७८ | | |
|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| **दार्चुला** | ६३,६०५ | ६९,६६९ | **१,३३,२७४** | ६४,४२४ | ६८,८८६ | **१,३३,३१०** |
| **बैतडी** | १,१७,४०७ | १,३३,४९१ | **२,५०,८९८** | ११३,८६४ | १२८,२९३ | **२,४२,१५७** |
| **डडेलधुरा** | ६६,५५६ | ७५,५३८ | **१,४२,०९४** | ६५,८९३ | ७३,७०९ | **१,३९,६०२** |
| **कञ्चनपुर** | २,१६,०४२ | २३५,२०६ | **४,५१,२४८** | २४०,६८६ | २७३,०७१ | **५,१३,७५७** |
| **बझाङ** | ९२,७९४ | १,०२,३६५ | **१,९५,१५९** | ८८,४७० | १००,६१५ | **१,८९,०८५** |
| **बाजुरा** | ६५,८०६ | ६९,१०६ | **१,३४,९१२** | ६७,०७० | ७१,४५३ | **१,३८,५२३** |
| **डोटी** | ९७,२५२ | १,१४,४९४ | **२,११,७४६** | ९३,६०४ | १११,२२७ | **२,०४,८३१** |
| **अछाम** | १,२०,००८ | १,३७,४६९ | **२,५७,४७७** | १०५,३१९ | १२३,५३३ | **२,२८,८५२** |
| **कैलाली** | ३,७८,४१७ | ३९७,२९२ | **७,७५,७०९** | ४३३,४५६ | ४७१,२१० | **९,०४,६६६** |
| जम्मा | **१२,१७,८८७** | **१३,३४,६३०** | **२५,५२,५१७** | **१२,७२,७८६** | **१४,२१,९९७** | **२६,९४,७८३** |

*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय ।*

सुदूरपश्चिम प्रदेशका ९ जिल्लाहरुमध्ये कैलाली जिल्लाको जनसंख्या सबैभन्दा बढी ९,०४,६६६ जना र दार्चुला जिल्लाको सबैभन्दा कम १,३३,३१० जना रहेको छ। बैतडी, डडेलधुरा, बझाङ, डोटी र अछाम जिल्लामा २०६८ सालको जनसंख्याको तुलनामा जनसंख्या वृद्धिदर घटेको छ भने अन्य जिल्लाहरुमा बढेको छ । २०७८ सालको जनगणना अनुसार कैलाली

जिल्लाको जनसंख्या सबैभन्दा बढी १६.६२ प्रतिशतले बढेको छ भने अछाम जिल्लाको जनसंख्या ११.१२ प्रतिशतले घटेको छ ।

२०७८ सालको जनगणनाको अन्तिम प्रतिवेदन अनुसार नेपालको कुल जनसंख्याको ९.२४ प्रतिशत हिस्सा रहेको यस प्रदेशको वार्षिक औषत जनसंख्या वृद्धिदर ०.५२ प्रतिशत रहेको छ । यसैगरि जनघनत्व १३९ जना प्रति वर्ग कि.मी रहेको छ जुन राष्ट्रिय जनगणना २०६८ मा १३१ जना प्रति वर्ग कि.मी. रहेको थियो । यस प्रदेशको जनसंख्यामा पुरुषको संख्या १२,७२,७८६ जना र महिलाको संख्या १४,२१,९९७ जना रहेको छ । लैंगिक अनुपात सबैभन्दा बढी मधेश प्रदेशमा १००.५५ प्रतिशत रहेको छ भने सुदूरपश्चिम प्रदेशमा सबैभन्दा कम ८९.५१ प्रतिशत रहेको छ ।

## २.४ प्रादेशिक क्षमता, चुनौती तथा सम्भावना

### २.४.१ प्रादेशिक क्षमता र सम्भावना

- देशको कुल विद्युत क्षमतामध्ये सुदूरपश्चिम प्रदेशमा सबैभन्दा बढी सम्भावना रहेको । यस प्रदेशमा देशमा कुल जडित विद्युतको ४ प्रतिशतमात्र र कुल सम्भाव्य क्षमताको ०.५ प्रतिशत जलविद्युत मात्रै उत्पादन भएकोले उत्पादन बढाई उर्जाको उच्च माग रहेका छिमेकी देशहरुमा विद्युत निर्यात समेत गर्न सकिने ।
- सुदूरपश्चिम प्रदेशका तराई तथा पहाडका जिल्लाहरुमा कृषि क्षेत्रमा सीप, पुँजी, प्रविधिको प्रयोगमार्फत् उत्पादन प्रक्रियाको यान्त्रिकीकरण र आधुनिकीकरण, भूमिको बैज्ञानिक उपयोग, विशिष्टिकृत कृषि प्रणालीको विकास गरी गरिबी निवारण गर्दै प्रदेशको दिगो आर्थिक विकास तथा खाद्य सुरक्षा सुनिश्चित गर्न सकिनुका साथै, जडिबुटी प्रशोधन उद्योगहरु सञ्चालन गरेर यस क्षेत्रको आर्थिक विकासमा टेवा पुर्‍याउन सकिने ।
- सुदूरपश्चिम प्रदेश सरकारले तर्जूमा गरेको १५ बर्षीय कृषि विकास रणनीति तथा आ.व २०८०/८१ को प्रादेशिक बजेटमा उल्लेखित कृषि विकाससँग सम्बन्धित विभिन्न नीतिहरुको प्रभावकारी कार्यान्वयन हुन सके प्रदेशको कृषि क्षेत्र आत्मनिर्भर, समावेशी र दिगो हुन सक्ने सम्भावना रहेको ।
- सुदूरपश्चिम प्रदेश सरकारले आगामी पाँच वर्षभित्र दलहन, मसला बाली र फलफुलमा आत्मनिर्भर हुने गरी "कृषिमा आत्मनिर्भर सुदूरपश्चिम प्रदेश अभियान" सञ्चालन गर्ने योजना भएकोले उक्त कार्यक्रमबाट भटमास, ओखर, सुन्तला, स्याउ, अदुवा, खाद्यान्न, बीउ, दुध, मासु र अण्डामा आत्मनिर्भर भई आन्तरिक उत्पादन विस्तार गर्ने सम्भावना देखिएको ।
- प्रमुख नगदे बालीहरुको पकेट क्षेत्र विस्तार गर्ने, उचित मूल्य निर्धारण गर्ने तथा आधुनिक प्रविधिको माध्यमबाट उत्पादन वृद्धि भई आयात प्रतिस्थापन गरी निर्यात प्रवर्द्धन गर्न सक्ने उच्च सम्भावना रहेको ।
- यस प्रदेशको कुल क्षेत्रफलको ५७ प्रतिशत बन क्षेत्र रहेको हुँदा वन पैदावारमा आधारित उद्योगहरुको सम्भावना रहेको ।
- सबैभन्दा बढी गरिबी रहेको बाजुरा जिल्लामा उत्पादन हुने जैतुनको व्यवसायीक उत्पादन, प्रशोधन र बजारीकरण गरी स्थानीय स्तरमा रोजगारी सिर्जना गरी स्थानीयहरुको जीवनस्तर सुधार गर्न सकिने ।
- दैजी छेला औद्योगिक क्षेत्र र सुख्खा बन्दरगाह औद्योगिक क्षेत्रका लागि आवश्यक पूर्वाधारहरु (औद्योगिक क्षेत्र, उद्योग ग्राम, सडक, विद्युत् आयोजना आदि) को निर्माणमा तीव्रता दिन सके औद्योगिक विकासको प्रचूर सम्भावना रहेको ।
- छिमेकी देश भारतको उत्तराखण्ड तथा उत्तर प्रदेश राज्यमा हिन्दु धर्मावलम्बीको संख्या करिब १५ करोड भन्दा माथि रहेको । सुदूरपश्चिम प्रदेशमा धार्मिक तथा सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्न उचित प्रचार-प्रसार संयन्त्र तथा बजारीकरणको रणनीति बनाई कार्यान्वयन गर्न सके भारतका उक्त राज्यका पर्यटकहरुलाई भित्र्याउन सकिने ।
- प्रदेश गौरवका आयोजनाहरु जस्तै सहजपुर-दिपायल-बोगटान सडक, खप्तड-मार्तडी सडक, सतबाँझ-श्रीभावर सडक आदीको निर्माण तथा स्तरोन्नती कार्य तीव्र गतिमा अघि बढेमा आर्थिक गतिविधि थप विस्तार हुने सम्भावना रहेको ।

## २.४.२ सुदूरपश्चिम प्रदेशका चुनौतीहरु

- कृषिको आधुनिकीकरण, औद्योगिकीकरण र व्यवसायीकरणका लागि आवश्यक पुँजी, ज्ञान, दक्ष जनशक्ति र ग्रामीण क्षेत्रमा भौतिक पूर्वाधारहरुको अभाव रहेको ।
- गरिबी, भौगोलिक विकटता, न्यून साक्षरता र न्यून भौतिक पूर्वाधारको विकास ।
- कृषि तथा वनजन्य उपजहरुको उत्पादनका लागि विभिन्न कार्यक्रमहरु सरकारबाट सञ्चालन भएतापनि उक्त उत्पादनहरुको सहज संकलन, भण्डारण र बजारीकरणको अभाव रहेको ।
- मौसमी रुपमा भारत जाने श्रमिकहरुलाई प्रदेशमै स्वरोजगार तथा रोजगारको अवसर प्रदान गर्ने ।
- भौगोलिक विकटता तथा न्यून भौतिक पूर्वाधारका कारणले पहाडी तथा हिमाली जिल्लाहरुमा गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सुविधा पुऱ्याउन कठिन रहेको ।
- भौगोलिक विकटता तथा जलवायु परिवर्तनका कारणले हुने भू-क्षय, बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपलाई नियन्त्रण गर्नु चुनौतीपूर्ण रहेको ।
- कृषि पूर्वाधारको अभाव, प्राकृतिक प्रकोप व्यवस्थापन, तीव्र बसाईसराईका कारण खेतीयोग्य जमिन बाँझो राख्ने प्रवृत्ति लगायतका कारणले यस प्रदेशको उत्पादनलाई व्यावसायीकरण गरी कृषि उत्पादनमा प्रदेशलाई आत्मनिर्भर बनाउने कार्य चुनौतिपूर्ण रहेको ।
- यस प्रदेशमा अथाह सम्भावना भएका क्षेत्रहरुको उत्खनन, प्रशोधन र अध्ययन अनुसन्धानको कमीले प्रादेशिक औद्योगिक र उद्यमशीलता विकासको गति न्यून रहेको ।
- भौगोलिक विकटताका बीच छरिएर रहेका बस्ती तथा गाउँहरुमा वित्तीय पूर्वाधारको विकास तथा वित्तीय साक्षरता अभिवृद्धिमार्फत वित्तीय पहुँच विस्तार गर्ने, आवश्यक पूर्वाधार निर्माण गर्ने, निक्षेप संकलन तथा कर्जा परिचालन, दक्ष जनशक्ति निर्माण मुख्य चुनौतीको रुपमा रहेको ।
- पहाडी जिल्लाहरुलाई तराईका जिल्लाहरुसँग जोड्ने विभिन्न योजनाहरु निर्धारित समयमै सम्पन्न नहुँदा पहाड र तराई बीचको अन्तरआवद्धता मजबुद हुन नसकिरहेको ।
- कार्यालयहरु प्रविधिमैत्री नहुँदा तथ्याङ्क अद्यावधिक एवम् व्यवस्थापन गरी आवश्यक नीति निर्माण गर्ने कार्य चुनौतीपूर्ण रहेको ।
- पछिल्लो समय देखापरेको अर्थिक शिथिलता, नागरिकहरुको न्युन आय, उद्योगहरुको कमजोर उपस्थितिका कारण स्थानीय र प्रदेश सरकारलाई राजस्व संकलन गर्ने कार्य चुनौतीपूर्ण रहेको ।
- स्थानीय र प्रदेश सरकारको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गर्ने तथा पूर्वाधार निर्माणका लागि आवश्यक स्रोतको व्यवस्था गर्ने कार्य चुनौतीपूर्ण रहेको ।
- गुणस्तरीय स्वास्थ्य, शिक्षा, रोजगारीका अवसर तथा सहज जीवनका लागि हिमाली तथा पहाडी जिल्लाहरुबाट तराईमा हुने बसाइसराईलाई नियन्त्रण गर्ने ।
- स्थानीय स्तरमा उपलब्ध स्रोत साधनहरुको उच्चतम प्रयोगका लागि स्थानीय, प्रदेश र संघीय सरकारबीच प्राथमिकता निर्धारण गरी बजेट विनियोजन र कार्यान्वयन गर्नु ।

# परिच्छेद ३: कृषि क्षेत्र

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र


आर्थिक वर्ष २०७९/८० मा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला)ले ढाकेको क्षेत्रफल ४.२३ प्रतिशतले वृद्धि भएको छ। गत वर्ष यस्तो क्षेत्रफल ३.४२ प्रतिशतले ह्रास आएको थियो।

**३.१.१ खाद्य तथा अन्य बाली :** समीक्षा वर्षमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल २.४० प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो क्षेत्रफलमा ४.४९ प्रतिशतले ह्रास आएको थियो।

समीक्षा वर्षमा धान बालीले ढाकेको क्षेत्रफल ४.८२ प्रतिशतले बढेको छ भने मकै, जौं, आलु, भटमास, तेलहन आदीको क्षेत्रफल क्रमश: ०.१० प्रतिशत, ५१.५८ प्रतिशत, ७.१८ प्रतिशत, ०.१९ प्रतिशत र ५.५९ प्रतिशतले वृद्धि भएको छ। गहुँ, कोदो, फापर उखु र दलहनको क्षेत्रफल क्रमश: ०.३५ प्रतिशत, ८.९१ प्रतिशत, ३.९३ प्रतिशत, ०.२६ प्रतिशत र २.८७ प्रतिशतले ह्रास आएको छ।

**३.१.२ तरकारी तथा बागबनी :** समीक्षा वर्षमा तरकारी तथा बागबनीले ढाकेको क्षेत्रफल ५.९५ प्रतिशतले वृद्धि भएको छ। गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल ७.३८ प्रतिशतले वृद्धि भएको थियो।

**३.१.३ फलफूल तथा मसला :** समीक्षा वर्षमा फलफूल तथा मसला वालीले ढाकेको क्षेत्रफल ३२.८८ प्रतिशतले वृद्धि भएको छ। गत वर्ष सोही अवधिमा यस्तो क्षेत्रफल ७.६५ प्रतिशतले वृद्धि भएको थियो।




*स्रोत: कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय, सुदूरपश्चिम प्रदेश।*

**जिल्लागत स्थिति :** आर्थिक वर्ष २०७९/८० मा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी २८.१५ प्रतिशत रहेको छ भने दार्चुला जिल्लाको सबैभन्दा कम ४.४३ प्रतिशत रहेको छ। समीक्षा वर्षमा तरकारी तथा वागवानीले ढाकेको क्षेत्रफलमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ४३.२१ प्रतिशत र बझाङ जिल्लाको सबैभन्दा कम २.९३ प्रतिशत रहेको छ। त्यसैगरी, फलफूल तथा मसलाजन्य बालीले ढाकेको क्षेत्रफलमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी २८.२४ प्रतिशत र अछाम जिल्लाको हिस्सा सबैभन्दा कम २.२२ प्रतिशत रहेको छ।

**तालिका ३.१ : आर्थिक वर्ष २०७९/८० मा कृषि उपजले ढाकेको भू-क्षेत्र (हेक्टरमा)**

| जिल्ला | क्षेत्रफल (हेक्टरमा) | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफुल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफुल तथा मसला |
| दार्चुला | २१,३६४.०० | १,०७५.५० | ६,८४२.०० | ४.४३ | ४.३७ | १७.९७ |
| बैतडी | ४२,७०१.०० | ११२१ | ४,३१८.०० | ८.८५ | ४.५५ | ११.३४ |
| डडेलधुरा | २२,८६७.०० | १,३९४.०० | १,१३६.५० | ४.७४ | ५.६६ | २.९८ |
| कञ्चनपुर | १०४,७७७.०० | ५,५४७.०० | १,३९९.०० | २१.७१ | २२.५४ | ३.६७ |
| बझाङ | ३७,०५५.०० | ७२२ | ४,५९४.०० | ७.६८ | २.९३ | १२.०६ |
| बाजुरा | ३१,६६०.०० | ९९५ | ५,४७०.०० | ६.५६ | ४.०४ | १४.३७ |
| डोटी | ४१,७००.०० | २,३८९.०० | २,७२३.०० | ८.६४ | ९.७१ | ७.१५ |
| अछाम | ४४,६८७.०० | ७३३ | ८४४ | ९.२६ | २.९८ | २.२२ |
| कैलाली | १३५,८८०.०० | १०,६३५.०० | १०,७५२.०० | २८.१५ | ४३.२१ | २८.२४ |
| जम्मा | ४८२,६९१.०० | २४,६११.५० | ३८,०७८.५० | १००.०० | १००.०० | १००.०० |

*स्रोत: कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय सुदूरपश्चिम प्रदेश ।*


## ३.२ कृषि उत्पादन

आर्थिक वर्ष २०७९/८० मा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) को उत्पादन १४.७४ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष समग्र कृषि बालीको उत्पादनमा ९.७५ प्रतिशतले ह्रास आएको थियो । समीक्षा वर्षमा कृषि उपजले ढाकेको क्षेत्रफलको वृद्धि, उपयुक्त मौसम तथा पर्याप्त वर्षाका कारण कृषि उत्पादनमा उत्साहजनक वृद्धि भएको देखिन्छ ।

### ३.२.१ खाद्य तथा अन्य बाली

समीक्षा वर्षमा खाद्य तथा अन्य बालीको उत्पादन १५.३७ प्रतिशतले वृद्धि भएको देखिन्छ। प्रमुख खाद्य तथा अन्य बालीमध्ये सबैभन्दा बढी जौं र धानको उत्पादन क्रमश: ५८.३४ प्रतिशत र ४९.४० प्रतिशतले वृद्धि भएको छ भने फापरको उत्पादनमा भने सबै भन्दा बढी १८.३४ प्रतिशतले ह्रास आएको छ।

**चार्ट ३.२ : प्रमुख खाद्यान्न बालीको उत्पादन स्थिति (हजार मेट्रिक टनमा)**




जिल्लागत आधारमा बाजुरा, बझाङ, दार्चुला, डोटी, कैलाली, कञ्चनपुर जिल्लामा खाद्य तथा अन्य बालीको उत्पादनमा वृद्धि भएको छ भने अन्य जिल्लाहरु बैतडी, डडेलधुरा र अछाममा उत्पादनमा ह्रास आएको छ। यस्ता बालीको उत्पादन सबैभन्दा बढी बझाङ जिल्लामा ५१.६२ प्रतिशतले वृद्धि भएको छ भने बैतडी जिल्लामा १०.५ प्रतिशतले ह्रास आएको छ ।

**३.२.२. तरकारी :** समीक्षा वर्षमा तरकारी उत्पादन १३.४४ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा तरकारी उत्पादन २.०५ प्रतिशतले वृद्धि भएको थियो । जिल्लागत आधारमा तरकारीको समग्र उत्पादन सबैभन्दा बढी कञ्चनपुर जिल्लामा ४५.३४ प्रतिशतले वृद्धि भएको छ भने डोटी जिल्लामा २.०८ प्रतिशतले ह्रास आएको देखिन्छ ।


**३.२.३. फलफूल तथा मसला :** समीक्षा वर्षमा फलफूल तथा मसला बालीको समग्र उत्पादन ११.०१ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा फलफुल तथा मसला बालीको उत्पादन ३.०४ प्रतिशतले वृद्धि भएको थियो । जिल्लागत आधारमा फलफूल तथा मसला बालीको समग्र उत्पादन सबै जिल्लाहरुमा वृद्धि भएको छ भने सबैभन्दा बढी बझाङ जिल्लामा १७.७० प्रतिशतले बढेको देखिन्छ ।

**तालिका ३.२ : आर्थिक वर्ष २०७९/८० मा प्रमुख कृषि बालीहरुको जिल्लागत उत्पादन (मेट्रिक टनमा)**

| जिल्ला | उत्पादन (मेट्रिक टन) | | | जिल्लागत हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफुल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफुल तथा मसला |
| दार्चुला | ५१,६५३.८५ | १२,९०६.०० | ७,४१६.३० | २.८६ | ४.०१ | ४.०१ |
| बैतडी | ७१,६२५.०० | १३,९०९.०० | ६,३८२.८० | ३.९६ | ४.३२ | ३.४५ |
| डडेलधुरा | ८०,६२२.०० | २१,०५०.०० | १३,३६६.०० | ४.४६ | ६.५३ | ७.२२ |
| कञ्चनपुर | ६९१,५९८.०० | ८१,९७०.०० | १९,५९१.०० | ३८.२३ | २५.४५ | १०.५९ |
| बझाङ | ९१,७२८.०० | ९,२८९.०० | ७,७४१.०० | ५.०७ | २.८८ | ४.१८ |
| बाजुरा | ६५,७००.०० | ९,४८२.०० | ८,०१२.०० | ३.६३ | २.९४ | ४.३३ |
| डोटी | ११७,९९२.०० | २८,४९६.०० | २९,०७९.०० | ६.५२ | ८.८५ | १५.७१ |
| अछाम | ८६,५५३.५३ | १०,८७६.७६ | २,७२६.०० | ४.७८ | ३.३८ | १.४७ |
| कैलाली | ५५१,६९८.०० | १३४,१६०.०० | ९०,७५४.०० | ३०.४९ | ४१.६५ | ४९.०४ |
| **जम्मा** | **१,८०९,१७०.३८** | **३२२,१३८.७६** | **१८५,०६८.१०** | **१००.००** | **१००.००** | **१००.००** |

*स्रोत: कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय सुदूरपश्चिम प्रदेश ।*

**जिल्लागत स्थिति :** समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादनमा कञ्चनपुर जिल्लाको हिस्सा सबैभन्दा बढी ३८.२३ प्रतिशत र दार्चुला जिल्लाको सबैभन्दा कम २.८६ प्रतिशत रहेको छ ।




त्यसैगरी, तरकारी तथा वागवानी उत्पादनमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ४१.६५ प्रतिशत र बझाङ जिल्लाको सबैभन्दा कम २.८८ प्रतिशत रहेको छ । त्यसैगरी, फलफूल तथा मसलाजन्य बालीको उत्पादनमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ४९.०४ प्रतिशत र अछाम जिल्लाको हिस्सा सबैभन्दा कम १.४७ प्रतिशत रहेको छ ।

## ३.३. पशुपन्क्षी, माछा तथा वनजन्य उत्पादन

**३.३.१ पशुपन्छी उत्पादन :** आर्थिक वर्ष २०७९/८० मा दूध उत्पादन ३.२८ प्रतिशतले बढेको छ। गत वर्ष सोही अवधिमा दूध उत्पादन ३.६७ प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा मासुजन्य उत्पादन २.७६ प्रतिशतले बढेको छ भने अघिल्लो वर्षको सोही अवधिमा मासु उत्पादन २.८० प्रतिशतले बढेको थियो । मासुजन्य उत्पादनतर्फ कुखुरा तथा हाँसको मासु उत्पादन १.१९ प्रतिशत, खसी/बोका/भेडाको मासु उत्पादन ४.१२ प्रतिशत, सुंगुर/बंगुरको मासु उत्पादन ३.०४ प्रतिशत, भैंसी/राँगोको मासु उत्पादन १.७४ प्रतिशतले बढेको छ ।

समीक्षा वर्षमा अण्डा उत्पादन ३.०७ प्रतिशत, उन उत्पादन ७.८३ प्रतिशत, छाला उत्पादन १.८० प्रतिशतले बढेको छ। गत वर्ष सोही अवधिमा अण्डा उत्पादन ३.४५ प्रतिशत, छाला उत्पादन २.६३ प्रतिशत र उन उत्पादन ११.५६ प्रतिशतले बढेको थियो ।

समीक्षा वर्षमा माछा उत्पादन २.४३ प्रतिशतले वृद्धि भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा माछा उत्पादन २.६५ प्रतिशतले वृद्धि भएको थियो ।

समीक्षा वर्षमा वनजन्य उत्पादनतर्फ काठ र दाउरा उत्पादन क्रमशः १८.३७ प्रतिशत र ३८.८१ प्रतिशतले ऋणात्मक भएको छ भने औषधीजन्य वस्तु तथ अन्य उत्पादन भने क्रमशः १०२.०४ प्रतिशत र ५१.२७ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष सोही अवधिमा काठ, दाउरा र अन्य उत्पादन क्रमशः ४५.२२ प्रतिशत, २८.०६ प्रतिशत र ५२.०८ प्रतिशतले वृद्धि भएको थियो भने औषधीजन्य उत्पादन २५.६८ प्रतिशतले ह्रास आएको थियो ।

प्रचलित प्रदेश वन ऐन, २०७६ तथा नियमावलीको नँया प्रावधान र वनक्षेत्रमा रहेका सुख्खाखडा र ढलापडा रुखहरुको कमीले गर्दा काठ र दाउरा उत्पादनमा ह्रास आएको देखिन्छ ।

**बक्स १: लम्पी स्किन रोगको प्रभाव**



पशु चौपायामा फैलिएको लम्पी स्किन महामारीका कारण सुदूरपश्चिम प्रदेशमा १४ हजार ३ सय ९० पशु चौपायाको मृत्यु भएको छ। यस प्रदेशमा हालसम्म ३ लाख ४६ हजार ८ सय ८ पशुमा लम्पी स्किन रोगको सङ्क्रमण भएको छ। लम्पी स्किन रोगका कारण सबैभन्दा बढी बैतडी जिल्लामा ३ हजार ४ सय ४९ र सबैभन्दा कम कञ्चनपुर जिल्ला मा १ सय १९ पशुको मृत्यु भएको छ। यसैगरी, डोटी जिल्लामा २ हजार ७५, अछाममा २ हजार २ सय ९१, डडेलधुरामा १ हजार ५ सय ३०, बझाङमा २ हजार ४ सय २७, बाजुरामा ६ सय ९३, दार्चुलामा १ हजार ५ सय ३१ र कैलालीमा २ सय ७५ पशुको लम्पी स्किनका कारण मृत्यु भएको छ।

कैलाली, कञ्चनपुर, बैतडी र बाजुरा जिल्लाका विभिन्न स्थानीय तहहरूमा पशुलाई लम्पी स्किन विरुद्धको खोप लगाइएको छ। कैलालीमा ५ हजार ८ सय, कञ्चनपुरमा २ सय ९२, बैतडीमा ७ सय र बाजुरामा ३ सय २५ पशुमा लम्पी स्किन विरुद्धको खोप लगाइएको छ। सुदूरपश्चिममा अन्य प्रदेशको तुलनामा कम खोप लगाइएको छ। पशु विभागका अनुसार सुदूरपश्चिम प्रदेशमा ५ हजार २ सय १४ पशुलाई मात्रै लम्पी स्किनविरुद्धको खोप लगाइएको छ। सुदूरपश्चिम प्रदेशका कुल संक्रमित पशुमध्ये ३ लाख २९ हजार ४ सय ६८ निको भएका छन् भने २ हजार ९ सय ५० चौपाया अझै संक्रमित रहेका छन् ।

*स्रोतः : पशु विभाग काठमाण्डौ, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय दिपायल, डोटी ।*

**जिल्लागत स्थितिः** समीक्षा वर्षमा दुध उत्पादनमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ३५.२३ प्रतिशत र बझाङ जिल्लाको सबैभन्दा कम ०.९९ प्रतिशत रहेको छ । मासु उत्पादनमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ४३.६२ प्रतिशत र बाजुरा जिल्लाको सबैभन्दा कम ३.७६ प्रतिशत रहेको छ । त्यसैगरी, अण्डा उत्पादनमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ५३.४४ प्रतिशत र बाजुरा जिल्लाको हिस्सा सबैभन्दा कम ०.६५ प्रतिशत रहेको छ ।


### तालिका ३.३ : प्रमुख पशुपंक्षीजन्य उत्पादन

| जिल्ला | उत्पादन | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | दुध (हजार लिटरमा) | मासु (मेट्रिक टन) | अन्डा (हजार गोटा) | दुध (हजार लिटरमा) | मासु (मेट्रिक टन) | अन्डा (हजार गोटा) |
| दार्चुला | १६,९८८.०० | २,२७०.६० | ५४२.०० | ६.६४ | ५.१२ | ०.७३ |
| बैतडी | १७,४९६.४५ | ३,०३२.६१ | ३,६०८.०० | ६.८४ | ६.८४ | ४.८८ |
| डडेलधुरा | १६,५१५.०० | २,१२९.०० | ५३७.०० | ६.४५ | ४.८० | ०.७३ |
| कञ्चनपुर | ७२,५२९.०० | ७,५२६.६२ | २०,०३९.०० | २८.३५ | १६.९७ | २७.१२ |
| बझाङ | २,५३५.०० | २,७४०.०० | १,५५०.०० | ०.९९ | ६.१८ | २.१० |
| बाजुरा | १०,६८७.०० | १,६६७.०० | ४८०.०० | ४.१८ | ३.७६ | ०.६५ |
| डोटी | १७,८७४.६८ | ३,१९७.०० | ४,२१२.३६ | ६.९९ | ७.२१ | ५.७० |
| अछाम | ११,०९७.८० | २,४५१.५० | ३,४४१.४० | ४.३४ | ५.५३ | ४.६६ |
| कैलाली | ९०,१४५.०० | १९,३५०.०० | ३९,४९०.०० | ३५.२३ | ४३.६२ | ५३.४४ |
| जम्मा | २५५,८६७.९३ | ४४,३६४.३३ | ७३,८९९.७६ | १०० | १०० | १०० |

*स्रोत: भेटेनरी अस्पताल तथा पशुविज्ञ केन्द्रहरु, पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय ।*

## ३.४ सिँचाइ

आर्थिक वर्ष २०७९/८० मा सुदूरपश्चिम प्रदेशमा कुल सिँचित क्षेत्रफल १७.८२ प्रतिशतले वृद्धि भएको छ। गत वर्ष सोही अवधिमा सिँचित क्षेत्रफल ४.७८ प्रतिशतले वृद्धि भएको थियो । यस प्रदेशमा कुल खेती गरिएको भू-भागमध्ये ३९.६८ प्रतिशत क्षेत्रफल सिँचित रहेको छ। कुल सिँचित क्षेत्रफलमध्ये २८.७० प्रतिशत कुलो र ६८.९१ प्रतिशत नहरबाट सिँचित भएको छ भने पोखरीबाट १.९१ प्रतिशत, बोरिङ्ग तथा थोपा सिँचाई प्रणालीबाट ०.४८ प्रतिशत सिँचाइ भएको देखिन्छ ।





*स्रोत: जिल्लास्थित जलश्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय ।*

## ३.५ क्षेत्रगत कृषि कर्जा

२०८० असार मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरुबाट सुदूरपश्चिम प्रदेशमा कृषिमा प्रवाहित कर्जा २०७९ असार मसान्तको तुलनामा १०.०० प्रतिशतले वृद्धि भई रु. १६ अर्ब ७४ करोड ८४ लाख पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा २६.०० प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा कुल कृषि कर्जामध्ये सबैभन्दा बढी अन्य कृषि तथा

कृषिजन्य सेवामा २२.२६ प्रतिशत प्रवाह भएको छ भने सबैभन्दा कम ०.००३ प्रतिशत सनपाट शीर्षकमा प्रवाह भएको छ ।

**चार्ट ३.५ : क्षेत्रगत कृषि कर्जा प्रवाहको अवस्था (रु. दश लाखमा)**




*स्रोत: नेपाल राष्ट्र बैंक ।*

समीक्षा वर्षमा यस प्रदेशमा प्रवाहित कुल कर्जामध्ये कृषि क्षेत्रतर्फ प्रवाहित कर्जाको अंश ११.०४ प्रतिशत रहेको छ । कृषि क्षेत्रमा प्रवाहित कर्जामध्ये कैलाली जिल्लाको अंश ६६.१२ प्रतिशत, कञ्चनपुरको २०.४७ प्रतिशत, डडेलधुरा, डोटी, दार्चुला, बझाङ, अछाम, बैतडी, तथा बाजुराको अंश क्रमशः ३.५२ प्रतिशत, २.२० प्रतिशत, १.९३ प्रतिशत, १.८९ प्रतिशत, १.५५ प्रतिशत, १.४१ प्रतिशत र ०.९० प्रतिशत रहेको छ ।

## ३.६ कृषि क्षेत्रका चुनौती र सम्भावनाहरु

### चुनौतीहरुः

- परम्परागत निर्वाहमुखी कृषि प्रणालीलाई प्रतिस्थापित गर्दै कृषिको व्यावसायीकरण, आधुनिकीकरण, औद्योगीकरण र विविधिकरण गर्दै कुल गार्हस्थ्य उत्पादनमा यस प्रदेशले कृषि क्षेत्रमा पुऱ्याईरहेको योगदानको हिस्सा अभिवृद्धि गर्ने ।
- खेतीयोग्य जमिनहरुलाई लिज एवम् करार खेतीमार्फत प्रयोगमा ल्याई कृषि उत्पादन तथा उत्पादकत्व बढाउनु ।
- राष्ट्रियस्तरमा नै अपेक्षित उन्नत बीउवीजनको ५ प्रतिशत मात्र औपचारिक क्षेत्रबाट आपूर्ति भएको अवस्थामा प्रदेशमा स्थानीय कृषकहरुलाई आफ्नै क्षेत्रमा समयमै गुणस्तरीय बीउवीजन उपलब्ध गराउने एवम् बीउको बढ्दो मागको आपूर्ति गर्ने, उत्पादन वृद्धि गर्ने, बीउ सम्बन्धी पूर्वाधार सुदृढीकरण गर्ने, बिचौलियाको प्रभुत्व हटाउने । साथै, मलखादमा आत्मनिर्भरता बढाई गुणस्तरीय मलखादको समुचित उपयोग वृद्धि गर्ने ।
- कृषि कर्जा, कृषि बीमा, कृषि अनुदान सम्बन्धी पर्याप्त ज्ञानको अभावले सो सुविधा नलिएका कृषकहरुलाई कृषि व्यवसायको जोखिम न्यूनीकरण तथा कृषि लगानीको सुरक्षाको प्रत्याभूति दिने, अनुदान वितरण कार्यलाई थप व्यवस्थित गर्ने तथा अनुदान वास्तविक किसानसम्म पुऱ्याउने ।
- कृषि क्षेत्र तथा पशुपालनमा बीमा कम्पनीहरुको आकर्षण कम रहेको सन्दर्भमा बीमामा कृषकहरुको पहुँच बढाउने ।
- किसानमैत्री कृषि मेसिनरी तथा औजार उपकरणको विकास र उपलब्धता सुनिश्चित गर्नु ।
- चाहिएको समय र परिमाणमा गुणस्तरीय बीउवीजन र मलखादको अनुपलब्धता हटाई सो सम्बन्धी आपूर्ति प्रणाली सुदृढीकरण गर्दै स्वदेशमै उत्पादित बिउ र मलखादको प्रवर्द्धन मार्फत् आत्मनिर्भरता बढाउनु । साथै विषादीहरुको जथाभावी प्रयोग न्यूनीकरण गर्न आवश्यक रहेको ।
- किसान र कृषि उद्यमहरुको आवश्यकतालाई सम्बोधन गर्ने विकेन्द्रीकृत अनुसन्धान प्रणालीको विकास गर्नु ।

- असंगठित रुपमा स्थानीय स्तरमा उपलब्ध जडिबुटी तथा औषधीजन्य विरुवाको संकलन एवं व्यापारका मुद्दाहरु, भारतबाट अवैध रुपमा आयात हुने वस्तुका कारण प्रदेशका कृषक तथा व्यापारीमा पर्ने समस्या जस्तै स्वदेशी केरा बजारमा आएको समयमा भारतको केरा पनि आयात हुदाँ नेपाली कृषकहरूले सस्तोमा बेच्नु पर्ने समस्या निराकरण गर्नु ।
- प्रदेशमा भूमिहिन, मुक्त कमैया, हलिया, हरुवा, चरुवा र कम्लरी जस्ता कमजोर समुदाय केन्द्रित कृषि व्यवसाय कार्यक्रमहरु ज्यादै सिमित रुपमा कार्यान्वयनमा रहेको हुँदा यस्ता समूहहरुको नेतृत्वमा कृषि उद्यमहरुको विकास तथा प्रवर्द्धन गर्ने कार्य चुनौतीपूर्ण रहेको ।
- सक्रिय श्रमशक्तिलाई प्रदेश भित्रै कृषि व्यवसायमा संलग्न गराई सक्षम वातावरण सिर्जना मार्फत बसाँइ सराँइ कम गर्ने कार्य चुनौतीपूर्ण रहेको ।

**सम्भावनाहरुः**

- सुदूरपश्चिम प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले बनाएको कृषि अनुसन्धान, प्रसार र शिक्षा कार्यक्रम कार्यविधि २०७८ बमोजिम यस प्रदेशमा खेतीयोग्य भूमि खण्डीकरण तथा जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै कृषि उत्पादकत्व र उत्पादन वृद्धिलाई जोड दिन राष्ट्रिय आवास कम्पनी लिमिटेड, पुनरवास कञ्चनपुर स्थित ७४ बिघा बाँझो जमिनमा चक्लाबन्दीमा कृषि अनुसन्धान, प्रसार र शिक्षा कार्यक्रम व्यवस्थित रुपमा सञ्चालन गर्ने भएकाले यसले भविष्यमा प्रादेशिक कृषि उत्पादन अभिवृद्धि भई भूमि खण्डीकरण न्यून हुने सम्भावना रहेको ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत कैलाली, कञ्चनपुर र डडेलधुरा जिल्लामा क्रमशः धान, गहुँ र आलुको सुपरजोन तथा कैलालीमा तेलहन बाली, डडेलधुरामा भटमास, बैतडीमा मकै, बाजुरामा जैतुन, दार्चुलामा स्याउ/ओखर, अछाम र बझाङमा आलु र डोटीमा अदुवा र बेसार जोनको सञ्चालनले प्रदेश यी प्रमुख बालीहरुमा आत्मनिर्भर भई निर्यात समेत प्रवर्द्धन गर्न सकिने सम्भावना रहेको ।
- यस प्रदेशमा उत्पादन भईरहेका कृषि क्षेत्रको प्राविधिक जनशक्तिलाई आधुनिक कृषि प्रणालीसँग आवद्ध गर्दै उद्यमशीलताको विकास गरी रोजगारीको अवसर सिर्जना र वृद्धि गर्न सकिने ।
- संघीय सरकारबाट सञ्चालित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र सुदूरपश्चिम प्रदेश सरकारबाट सञ्चालित मुख्यमन्त्री एकिकृत कृषि तथा पशुपंक्षी विकास कार्यक्रमले कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रिकीकरण तथा व्यवसायीकरण भई उत्पादन तथा उत्पादकत्व वृद्धि हुने ।
- प्रदेशलाई बिउमा आत्मनिर्भर बनाउन र आयात प्रतिस्थापन गर्न किसान समूह, किसान सहकारीमार्फत खाद्यान्न र तरकारी बालीको बिजवृद्धि कार्यक्रम सञ्चालन हुनु ।
- "नमूना गाउँ आफै बनाऔं" भन्ने नाराका साथ प्रदेशको गौरवको आयोजनाको रुपमा नमूना गाउँ स्थापना गर्दै कृषि तथा पशुपक्षी क्षेत्रको उत्पादन, बजारीकरण र व्यवसायीकरण मार्फत युवालाई कृषिमा रोजगारी प्रदान गर्ने उद्देश्यले मुख्यमन्त्री कृषि तथा पशुपंक्षी विकास कार्यक्रम नौ जिल्लामा सञ्चालनमा रहेको ।
- सुदूरपश्चिम प्रदेशको कृषि विकास रणनीति (२०७९/८०-२०९३/९४) को निर्माण हुनु ।
- बगर खेती, जैविक खेती, बनस्पती खेती, कुरिलो, घ्यूकुमारी, अमला, बेल, रुद्राक्ष जस्ता बनस्पति खेतीलाई प्रोत्साहन गरी युवा लक्षित कृषि कार्यक्रमहरु प्रोत्साहन गर्न सकिने ।
- धेरै भिरालो जग्गामा Slope Agricultural Land Technology प्रयोग गरी प्रदेशका पहाडी भिराला भूभागहरुको पनि सदुपयोग गरी कृषि उत्पादकत्व वृद्धि गर्न सकिने ।
- व्यवसायिक कृषि विकासका लागि करार खेती प्रणालीको विकास हुनु ।

## बक्स २: कैलालीको धनगढीमा ड्रेगन फ्रुट खेती

सुदूरपश्चिम प्रदेशमा व्यवसायिक कृषिमा लगानी बढ्दै गइरहेको अवस्थामा कैलालीको धनगढीमा पनि ड्रेगन फ्रुट खेतीतर्फ आकर्षण बढ्दै गइरहेको छ । बजारमा ड्रेगन फ्रुटको बढदो माग, ड्रेगन फ्रुट खेतीको लागि धनगढीको उपयुक्त वातावरण, कम लगानी र थारै जग्गामा पनि खेती गर्न सकिने भएकोले बैकल्पिक आयआर्जन श्रोतको रुपमा समेत ड्रेगन फ्रुटको खेती थालनी भएको छ ।

अंग्रेजी विषयमा स्नातकोत्तर गरेका एवम् धनगढीको सुदूरपश्चिमाञ्चल क्याम्पसमा अध्यापन गर्दै आएका कर्ण बहादुर बोहराले रक्षा एकिकृत कृषि फर्मको नाममा व्यवसायिक रुपमा ड्रेगन फ्रुट खेती सञ्चालन गर्दै आएका छन् । पूर्वी नेपालका काभ्रे, चितवन, काठमाडौं, दाङ्ग आदि जिल्लाहरुमा ड्रेगन फ्रुट फर्ममा अध्ययन भ्रमण गरे पश्चात वि.स. २०७८ बैशाखबाट औपचारिक रुपमा ड्रेगन फ्रुट खेती थालनी गरेका हुन । शुरुमा कंक्रिट पोल, घेरबार जाली, बस्ने अस्थायी घर, भण्डारण घर, बीउ, मल इत्यादि गरी ६० लाख लगानीमा व्यवसाय विस्तार गरेको देखिन्छ ।





१३ कट्ठा जग्गा १५ वर्षका लागि भाडामा लिएर करारमा १५ पुरुष र ७ महिलालाई रोजगारी प्रदान गरेका बोहराले उक्त कृषि फर्ममा भियतनामी पिङ्कजातको ड्रेगन फ्रुटको खेती गरेका छन् । उत्पादित ड्रेगन फ्रुटको बिक्री क्षेत्र धनगढीको स्थानिय बजार लक्षित गरेका बोहराले २०८० सालको पहिलो उत्पादन लगभग ४ क्वीन्टल हुने र प्रत्येक वर्ष बढ्दै गई ५ वर्ष पछि १० टनसम्म हुने अनुमान गरेका छन् ।

आगामी वर्ष करिब ३ टन ड्रेगन फ्रुट उत्पादन गर्ने तथा बजार विस्तारका लागि धनगढी भित्रका लक्षित वर्गमा ड्रेगन फ्रुटको फाइदाको बारेमा प्रत्यक्ष जानकारी गराउने र भविष्यमा ड्रेगन फ्रुट प्रशोधन मार्फत वाइन समेत उत्पादन गर्ने लक्ष्य रहेको जानकारी सञ्चालक कर्ण बहादुर बोहराले दिएका छन् ।

*स्रोतः स्थलगत सर्वेक्षण ।*


# परिच्छेद ४: उद्योग क्षेत्र

## ४.१ प्रमुख उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी

यस प्रदेशमा खाने तेल, प्रशोधित दूध, गहुँको पिठो, चामल, चिनी, काठ, साबुन, ईटा, रोजिन एण्ड टर्पेन्टाईन लगायतका उद्योगहरु दर्ता रहेकोमा १३ वटा उद्योगहरुबाट नियमित रुपमा तथ्याङ्क संकलन गरी विश्लेषण गर्ने गरिएको छ । यद्यपि, प्रशोधित दुधको उद्योग भने हाल सञ्चालनमा नरहेको हुँदा सो को विवरण यस प्रतिवेदनमा समावेश गरिएको छैन् ।

आर्थिक वर्ष २०७९/८० मा यस प्रदेशको नमूना छनौटमा समेटिएका १२ उद्योगको औसत क्षमता उपयोग ५३.२८ प्रतिशत छ । समीक्षा वर्षमा चिनी, ईँटा, तोरीको तेल उत्पादन गर्ने उद्योगको अधिकतम क्षमता उपयोग भएको देखिएको छ । त्यसैगरी, साबुन, गहुँको पिठो, रोजीन र चामल उत्पादन गर्ने उद्योगहरुको क्षमता उपयोग न्यून रहेको छ । रोजिन उत्पादन गर्ने उद्योग कामदारहरुको अभाव, कच्चा पदार्थ संकलनमा भएको ढिलाई, उद्योग पूर्ण रुपमा सञ्चालन हुन नसकेको कारण उत्पादन न्यून हुन गएको छ ।

पछिल्लो समयमा आर्थिक क्षेत्रहरु चलायमान बन्दै गएकाले औद्योगिक क्षमता र उत्पादन दुवैमा बृद्धि हुन गएको देखिन्छ । अध्ययनमा समेटिएका उद्योगहरुमा प्रत्यक्ष रोजगारी १ हजार ३ सय २० जना रहेको छ । रोजगारीमा आबद्ध महिला तथा पुरुषको अंश क्रमशः ९ प्रतिशत र ९१ प्रतिशत रहेको छ भने ३० प्रतिशत भारतीय नागरिकहरुले समेत यस क्षेत्रमा रोजगारी पाईरहेका छन् ।



*स्रोत: अध्ययन क्षेत्रका सम्बन्धित उद्योगहरु ।*

समीक्षा वर्षमा तेलको ८९.६९ प्रतिशत, चामलको ५.८१ प्रतिशत, चिनीको २७.०७ प्रतिशत, साबुनको १०.२० प्रतिशत र ईटाको २८.५७ प्रतिशतले उत्पादन वृद्धि भएको छ । त्यसैगरि, गँहुको पीठो र रोजिनको उत्पादनमा भने क्रमशः ३५.१३ प्रतिशत र १६.८४ प्रतिशतले घटेको छ । यस्ता वस्तु उत्पादन गर्ने उद्योगहरुको क्षमता उपयोग घटेको कारण उत्पादनमा ह्रास आएको देखिन्छ ।

आर्थिक वर्ष २०७९/८० मा यस प्रदेशमा उत्पादनमुलक क्षेत्रमा ४, उर्जामा २ र सेवामा १ गरी कुल ७ नँया उद्योगहरु दर्ता भएका छन् । जसमा १ वटा ठूलो, ३ वटा मध्यम र ३ वटा साना उद्योगहरु दर्ता भएका छन् । स्थापना गरिएका यस्ता उद्योगहरूको सञ्चालनसँगै उत्पादन बढाउन सके सुदूरपश्चिम प्रदेशको विकासमा टेवा पुग्ने देखिन्छ । आर्थिक वर्ष २०७९/८० मा प्रदेशका जिल्लाहरुमध्ये डोटी, अछाम, डडेलधुरा, बाजुरा र बैतडीमा कुनै पनि नँया उद्योग दर्ता भएका छैनन् ।

**तालिका ४.१ : आ.व.२०७९/८० मा सुदूरपश्चिम प्रदेशमा स्थापना भएका उद्योगहरुको विवरण**

| जिल्ला | उद्योग संख्या | प्रस्तावित कुल पूँजी (रु. दश लाखमा) | स्थिर पूँजी | कार्यशील पूँजी | प्रस्तावित रोजगारी संख्या |
|---|---|---|---|---|---|
| दार्चुला | १ | ३७८.३१ | ३६९.६६ | ८.६५ | २३ |
| कञ्चनपुर | १ | १२२.२५ | १०४ | १८.२५ | ३६ |
| बझाङ | १ | ३०३२.७० | ३०१८.२१ | १४.४९ | १८ |
| कैलाली | ४ | ६१२.५५ | ३५.२३ | ४३.६२ | २४४ |
| **जम्मा** | **७** | **४१४५.८१** | **३५२७.१** | **८५.०१** | **३२१** |

*स्रोत : औद्योगिक तथ्याङ्क प्रणाली, उद्योग विभाग ।*

**बक्स ३ : कैलालीमा लघु, घरेलु तथा साना उद्योग**

आ.व. २०७९/८० मा कैलाली जिल्लामा १ सय ७६ उत्पादनमुलक उद्योग, ६ सय २८ कृषिमुलक उद्योग, १ पर्यटनमुलक, ७ सूचना प्रविधि सम्बन्धी र ३ सय ८५ सेवामुलक गरी जम्मा १ हजार १ सय ९७ नँया लघु, घरेलु तथा साना उद्योगहरु दर्ता भएका छन् । यि सबै उद्योगहरुबाट करिब ४ हजार २ सय ३४ जनाले रोजगारीको अवसर प्राप्त गरेका छन् ।

समीक्षा वर्षमा कैलाली जिल्लाका २ सय ३२ उद्योगहरुको दर्ता खारेजी भएको देखिन्छ । घरेलु तथा साना उद्योग कार्यालय, कैलालीका अनुसार उद्योगी तथा व्यवसायीहरुले दर्ता खारेजी गर्नुको मुख्य कारण आर्थिक मन्दी, कच्चा पदार्थको अभाव, बढ्दो लागत र मूल्य वृद्धि आदि रहेको बताउने गरेका छन् । बन्द हुनेमा अधिकांश कृषि क्षेत्र, उत्पादनमुलक, सेवामुलक, होटल तथा पर्यटन उद्योगहरु रहेका छन् ।


| आर्थिक वर्ष | उद्योग दर्ता संख्या | रोजगारी संख्या | कुल लगानी (रु. करोडमा) | उद्योग खारेजी संख्या |
|---|---|---|---|---|
| २०७७/७८ | २८८४ | ९६३२ | ५११.५१ | १४० |
| २०७८/७९ | २४१४ | ७२४३ | ४१४.६३ | १३२ |
| २०७९/८० | ११९७ | ४२३४ | २२२.१७ | २३२ |

*स्रोत: : घरेलु तथा साना उद्योग कार्यालय, कैलाली ।*

समीक्षा वर्षमा आ.व.२०७८/७९ को तुलनामा नँया उद्योग दर्ता करिब ५० प्रतिशतले, रोजगारी संख्या ४१.५ प्रतिशतले र कुल लगानी रकम ४६.५ प्रतिशतले घटेको देखिन्छ भने उद्योग दर्ता खारेजीको संख्या ७५.७५ प्रतिशतले वृद्धि भएको देखिन्छ। सुदूरपश्चिम प्रदेशमा नँया उद्योग स्थापना र पूर्ववत सञ्चालनमा रहेका उद्योगहरुको उत्पादन तथा क्षमता विस्तार/विकासका लागि सुमधुर औद्योगिक वातावरण, पूर्ण क्षमतामा सञ्चालन गर्ने व्यवस्था, आवश्यक नीतिगत सुधार र कच्चा पदार्थको सहज उपलब्धता अपरिहार्य रहेको देखिन्छ।

## ४.२ क्षेत्रगत औद्योगिक कर्जा

२०८० असार मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरुले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा २०७९ असार मसान्तको तुलनामा ४.७० प्रतिशतले वृद्धि भई रु.२६ अर्ब ८९ करोड २ लाख पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा ४.२१ प्रतिशतले घटेको थियो । कुल प्रवाहित कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित भएको कर्जाको अंश १७.७२ प्रतिशत रहेको छ। समीक्षा वर्षसम्ममा कुल औद्योगिक कर्जामध्ये खानी सम्बन्धी उद्योगमा प्रवाहित कर्जा सबैभन्दा बढी ३०.३२ प्रतिशतले वृद्धि भएको छ भने विद्युत, ग्यास तथा पानी सम्बन्धी उद्योगमा सबैभन्दा बढी ७.७१ प्रतिशतले ह्रास आएको छ।




*स्रोत: नेपाल राष्ट्र बैंक ।*

कुल औद्योगिक कर्जामध्ये कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उद्योगमा ४०.८४ प्रतिशत, गैर खाद्यवस्तु सम्बन्धी उद्योगमा २९.७८ प्रतिशत, निर्माण सम्बन्धी उद्योगमा २०.५७ प्रतिशत, धातुको उत्पादन, मेसिनरी तथा इलेक्ट्रोनिक उद्योगमा ६.९६ प्रतिशत, विद्युत, ग्याँस तथा पानी उद्योगमा १.१० प्रतिशत र खानीसम्बन्धी उद्योगमा ०.७५ प्रतिशत अंश रहेको छ ।

**तालिका ४.२ : जिल्लागत औद्योगिक कर्जा प्रवाह**

| जिल्ला | औद्योगिक कर्जा प्रवाह (रु.दश लाखमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| बाजुरा | १०१.०८ | ०.३८ |
| बझाङ | ८४.६८ | ०.३१ |
| दार्चुला | ११२.६३ | ०.४२ |
| बैतडी | १३९.१८ | ०.५२ |
| डडेलधुरा | ४३१.२९ | १.६० |
| डोटी | २७९.३६ | १.०४ |
| अछाम | १८५.८५ | ०.६९ |
| कैलाली | २१,१०१.९७ | ७८.४८ |
| कञ्चनपुर | ४,४५४.२५ | १६.५६ |
| **जम्मा** | **२६,८९०.२९** | **१००** |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

समीक्षा वर्षमा यस प्रदेशमा प्रवाह भएको कुल औद्योगिक कर्जामध्ये कैलाली जिल्लाको अंश सबैभन्दा बढी ७८.४८ प्रतिशत रहेको छ भने बझाङ जिल्लाको अंश सबैभन्दा कम ०.३१ प्रतिशत रहेको छ । यसैगरी, कञ्चनपुर, डडेल्धुरा, डोटी, दार्चुला, अछाम, बैतडी तथा बाजुराको अंश क्रमशः १६.५६ प्रतिशत, १.६० प्रतिशत, १.०४ प्रतिशत, ०.४२ प्रतिशत, ०.६९ प्रतिशत, ०.५२ प्रतिशत र ०.३८ प्रतिशत रहेको छ ।

## ४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

### चुनौतीहरु:

- आपूर्ति व्यवस्थापनलाई चुस्त तथा प्रभावकारी बनाउनु ।
- स्वदेशी उत्पादनको स्तर वृद्धि गरी भारतीय बजारबाट आयात हुने वस्तुसँग प्रतिस्पर्धा गर्नु ।

- समग्र मागमा कमी, औद्योगिक असुरक्षा, असहज श्रम सम्वन्ध, कमजोर औद्योगिक पूर्वाधार, दक्ष जनशक्तिको अभाव, प्रविधि ग्रहण गर्ने क्षमताको कमी, न्यून उत्पादकत्व, निर्यातयोग्य वस्तुहरुमा विविधीकरणको कमी आदि उद्योग सञ्चालनका लागि मुख्य चुनौतीको रुपमा रहेको ।
- स्थानीय रुपमा उपलब्ध स्रोत तथा साधनहरुको उपयोग गर्नुका साथै, स्वदेशी श्रमशक्तिको दक्षता अभिवृद्धि गर्नु ।
- निर्यातयोग्य वस्तुहरुको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्नु तथा वस्तु विविधिकरण एवम् उत्पादकत्व बढाउनु ।
- पर्याप्त अनुसन्धान, अन्वेषण र सम्भाव्य क्षेत्रको पहिचान गरी औद्योगिकरण र उद्यमशीलता विकास गर्नु ।
- मुलतः प्रदेशका दुर्गम क्षेत्रहरुमा गरिबीको दुष्चक्र हटाई बढ्दो आय संगै बचत र लगानी बृद्धि गरी उद्योग तर्फ लगानी आकर्षित गर्नु । नेपालको बहुआयामिक गरिबीको सूचक हेर्दा यस प्रदेशको तेस्रो उच्च स्थान रहेको छ ।
- हाल सञ्चालनमा रहेका उद्योग तथा कलकारखानाहरुलाई पूर्ण क्षमतामा सञ्चालन गर्ने वातावरणको निर्माण गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।

**सम्भावनाहरुः**

- सेती, महाकाली, चमेलिया, बुढीगंगा, सुर्नया जस्ता नदीहरु एवम् प्रशस्त ताल र पोखरीहरु रहेको यस प्रदेशमा उर्जामुलक उद्योग अन्तर्गत जलस्रोत उद्योगको अधिक सम्भाव्यता रहेको ।
- डोटी, डडेलधुरा, बैतडी, दार्चुला, बझाङ तथा बाजुरा जिल्लामा प्रशस्त मात्रामा पाईने बहुमूल्य जडिवुटी यार्सागुम्बा, पाँचऔले, झ्याउ, भुतकेश, भोजपत्र, भ्याकुर, दालचिनी, टिमुर, पाषणवेद, दारुहल्दी, तितेपाती, गुच्ची च्याउ, कुमकुम, सिकाकाई, सतुवा, कुटकी, काफलबोक्रा, ओखरबोक्रा, धुपिपात, अलैची, अमला आदि प्रशोधनका लागि जडिवुटी प्रशोधन उद्योग स्थापना गर्न सकिने ।
- कैलाली र कञ्चनपुर जिल्ला कृषि उत्पादनका लागि उर्वर भएका कारण कृषिमा आधारित उद्योगहरु (विशेषतः धान, गँहु, दलहन तथा नगदेबाली) को स्थापना गर्न सकिने ।
- डडेलधुरा, बैतडी तथा डोटी जिल्लामा प्रशस्त मात्रामा भटमास खेती हुने भएकाले ती जिल्लाहरुमा भटमास प्रशोधन उद्योगको स्थापना गर्न सकिने ।
- नेपाल सरकारबाट घोषणा भएका औद्योगिक ग्रामको पूर्वाधार निर्माण कार्य तीनै तहका सरकारको लागत साझेदारीमा सम्पन्न गर्न सकिने ।
- यस प्रदेशमा पर्याप्त मात्रामा मकैको उत्पादन हुनुका साथै व्यावसायिक बंगुर तथा कुखुरापालन गर्ने प्रचलन बढ्दै गएकोमा पशुदानासम्बन्धी उद्योग स्थापना गर्न सकिने ।
- अल्लो प्रशोधन तथा बाँस निगालो, दार्चुलामा चिउरी प्रशोधन केन्द्र उद्योग स्थापना गर्न सकिने ।
- पर्यटकीय गन्तव्यहरुको विविधिकरण गर्दै नयाँ पर्यटकीय स्थल र उपजहरुको पहिचान गरी पर्यटन उद्योगलाई प्रोत्साहन गर्न सकिने ।
- मुक्त कमैया हलियाहरुको लागि सिपमूलक तालिम प्रदेशका विभिन्न ठाउँमा भईरहेकाले साना उद्योगी व्यवसायीलाई प्रोत्साहन गर्न सकिने ।
- युवा उद्यमशीलता विकास तालिम तथा औद्योगिक जनशक्ति सिर्जना, उद्यमशिलता विकास सम्बन्धी ज्ञान, सीप तथा तालिमले विदेश पलायन युवा उद्यमी व्यवसायी समेत आकर्षित हुन सक्ने । प्रदेशमा पछिल्लो समय रोजगारीका लागि विदेश गएर घर फर्केका युवा विभिन्न उद्योगमा लगानी गर्दै आएका छन् ।

# परिच्छेद ५: सेवा क्षेत्र

## ५.१ पर्यटन

समीक्षा वर्षमा सुदूरपश्चिम प्रदेशका ९ जिल्लाहरुमा ४८ वटा पर्यटकस्तरीय होटलहरु सञ्चालनमा रहेका छन् । समीक्षा वर्षमा पर्यटकस्तरीय होटल तथा लजको संख्यामा कुनै परिवर्तन आएको छैन भने होटल शैयाको संख्या १.०३ प्रतिशतले घटेर १ हजार ६ सय ३१ पुगेको छ । समीक्षा वर्षमा अध्ययन क्षेत्रका होटलहरुको औषत अकुपेन्सी क्षमता ५०.४१ प्रतिशत रहेको छ । यसैगरी, पर्यटकस्तरीय होटल तथा लजमा प्रत्यक्ष रोजगारी संख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३.४९ प्रतिशतले वृद्धि भई ५ सय ९३ पुगेको छ ।

आर्थिक वर्ष २०७९/८० मा यस प्रदेशमा १५ हजार ८ सय ८१ जना भारतीय, १ हजार २ सय २३ चिनीँया तथा ३ हजार १ सय तेस्रो मुलुकको गरी जम्मा २० हजार २ सय १६ जना बाह्य पर्यटकहरुले यस प्रदेशको भ्रमण गरेका छन्।[1] कोरोना महामारीको प्रभाव न्यून भएको र आर्थिक गतिविधि चलायमान भएसँगै बाह्य पर्यटकको संख्यामा गत वर्षको तुलनामा २६१.० प्रतिशतले उत्साहजनक वृद्धि भएको देखिन्छ ।

### बक्स ४ : पर्यटन क्षेत्रको वस्तु स्थिति

***यस प्रदेशमा रहेका ४८ वटा पर्यटक स्तरीय होटलहरुमध्ये पर्यटकीय सेवा सुविधा तथा कर्जा लगानीका आधारमा नमूनाको रुपमा छनौट गरिएका १० वटा पर्यटकस्तरीय होटलहरुको संक्षिप्त विवरण तल प्रस्तुत गरिएको छ ।***

समीक्षा वर्षमा नमुनाको रुपमा छनौट गरिएका १० होटलहरुको औसत अकुपेन्सी ४९.० प्रतिशत रहेको पाइयो । समीक्षा वर्षमा यी नमूना होटलहरुमा स्वदेशी पर्यटकहरु करीब ३४,२८१ जना, भारतीय पर्यटकहरु ७,३२९ जना, चिनीयाँ पर्यटक ५८१ जना तथा तेस्रो मुलुकबाट आएका १,३७० जना गरी जम्मा ४३,५६१ जना आन्तरिक तथा बाह्य पर्यटकहरुले यस प्रदेशमा भ्रमण गरेको देखिन्छ ।

समीक्षा वर्षमा १७९ जना पुरुष तथा ६६ महिला गरी जम्मा २४५ जनाले यस क्षेत्रमा रोजगार पाएको देखिन्छ ।

**नमूनाको रुपमा छनौट गरिएका होटलहरुको अकुपेन्सी तथा रोजगारी विवरण**

| | **विवरण** | **आ.व. २०७९/८०** |
|---|---|---|
| | पर्यटक स्तरीय होटल तथा लजको संख्या | १० |
| | जम्मा वेड संख्या | ५९३ |
| | औषत अकुपेन्सी | ४९.० |
| **पर्यटक आगमन** | **जम्मा** | **४३,५६१** |
| | स्वदेशी | ३४,२८१ |
| | भारत | ७,३२९ |
| | चीन | ५८१ |
| | तेस्रो मुलुक | १,३७० |
| **रोजगारी** | **जम्मा** | **२४५** |
| | पुरुष | १७९ |
| | महिला | ६६ |

*स्रोत : सम्बन्धित होटलहरु*


[1] *स्रोतः सम्बन्धित होटलहरु, अध्यागमन कार्यालयहरु, सुदूरपश्चिम प्रदेश ।*

## ५.२ सार्वजनिक निर्माण तथा रियल स्टेट

समीक्षा वर्षमा समग्र घरजग्गा रजिष्ट्रेशन संख्या ३०.०६ प्रतिशतले घटेको छ। गत वर्ष सोही अवधिमा सो संख्या ९.७१ प्रतिशतले वृद्धि भएको थियो । यसैगरी, घरजग्गा रजिष्ट्रेशन वापतको राजस्व संकलन ५४.०१ प्रतिशतले ह्रास भई रु. ६७ करोड ९० लाख भएको छ । गत वर्षको सोही अवधिमा यस्तो राजस्व संकलन १८.४३ प्रतिशतले वृद्धि भएको थियो ।

समीक्षा वर्षमा घर/भवन नक्सा पास संख्या ६.२२ प्रतिशतले वृद्धि भएको छ। गत वर्षको सोही अवधिमा घर/भवन नक्सा पास संख्या २.३६ प्रतिशतले घटेको थियो । सुदूरपश्चिम प्रदेशमा रहेका सबै जिल्लाहरुमा घरजग्गा रजिष्ट्रेशन संख्यामा ह्रास आएको छ भने बाजुरा बाहेक अन्य सबै जिल्लाहरुमा घरजग्गा रजिष्ट्रेशन राजश्वमा समेत ह्रास आएको छ ।

समीक्षा वर्षमा कैलाली जिल्लामा सबैभन्दा बढी १,६३३ वटा घर/भवन नक्सा पास भएका छन् भने बाजुरा, डडेलधुरा र दार्चुला जिल्लामा घर/भवन नक्सा पास भएको छैन । आर्थिक वर्ष २०७९/८० मा आर्थिक गतिविधिहरु बढ्नुका साथै पहाडी जिल्लाहरुमा कर्जा लगायत बैंकिङ्ग प्रयोजनका लागि घरनक्सा पास गर्ने प्रचलन बढेका कारण नक्सा पास संख्यामा वृद्धि भएको, दार्चुला र डडेलधुरा जिल्लामा समीक्षा वर्षमा घरनक्सा पास नभएका तर अभिलेखीकरण कार्य मात्र भएको तथा बाजुरा जिल्लामा नक्सा पास गर्ने प्रचलन विगतमा समेत नरहेकोले यस वर्ष समेत नक्सा पासको संख्या शुन्य रहेको देखिन्छ ।




*स्रोत: मालपोत कार्यालयहरु ।*


## ५.३ वित्तीय सेवा

समीक्षा वर्षमा सुदूरपश्चिम प्रदेशमा वाणिज्य बैंकका ३३०, विकास बैंकका ५२, वित्त कम्पनीका ५ तथा लघुवित्त वित्तीय संस्थाका ४५९ गरी जम्मा ८४६ शाखा सञ्चालनमा छन् । यसमध्ये कैलाली जिल्लामा सबैभन्दा बढी ३६१ तथा बाजुरा जिल्लामा सबैभन्दा कम २८ शाखा सञ्चालनमा छन् । गत वर्ष सोही अवधिमा यस प्रदेशमा वाणिज्य बैंकका ३२९, विकास बैंकका ५२, वित्त कम्पनीका ६ तथा लघुवित्त वित्तीय संस्थाका ४५३ गरी जम्मा ८४० वटा बैंक तथा वित्तीय संस्थाका शाखाहरु सञ्चालनमा रहेका थिए ।

तालिका ५.१ : बैंक तथा वित्तीय संस्थाका शाखा (२०८० असार मसान्त)

| विवरण | वाणिज्य बैंक | विकास बैंक | वित्त कम्पनी | लघु वित्त विकास बैंक | जम्मा |
|---|---|---|---|---|---|
| बाजुरा | १३ | १ | ० | १४ | २८ |
| बझाङ | १८ | १ | ० | १९ | ३८ |
| दार्चुला | २० | २ | ० | १२ | ३४ |
| बैतडी | १९ | २ | ० | २० | ४१ |
| डडेलधुरा | २५ | १ | ० | २८ | ५४ |
| डोटी | १९ | १ | ० | २८ | ४८ |
| अछाम | १८ | ३ | ० | ३४ | ५५ |
| कैलाली | १३२ | ३० | ४ | १९५ | ३६१ |
| कञ्चनपुर | ६६ | ११ | १ | १०९ | १८७ |
| **जम्मा** | **३३०** | **५२** | **५** | **४५९** | **८४६** |


*स्रोतः नेपाल राष्ट्र बैंक ।*




## ५.३.१ निक्षेप तथा कर्जा

२०८० असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट सुदूरपश्चिम प्रदेशमा बैंक तथा वित्तीय संस्थाले संकलन गरेको कुल निक्षेप २०७९ असार मसान्तको तुलनामा १६.०९ प्रतिशतले बढ्न गई रु. १ खर्ब ३४ अर्ब २६ करोड २० लाख पुगेको छ । गत वर्ष सोही अवधिमा यस्तो निक्षेप ५.८६ प्रतिशतले वृद्धि भएको थियो ।

२०८० असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट सुदूरपश्चिम प्रदेशमा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कुल कर्जा २०७९ असार मसान्तको तुलनामा १.५० प्रतिशतले वृद्धि भई रु. १ खर्ब ५१ अर्ब ७१ करोड २९ लाख पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा १७.४२ प्रतिशतले वृद्धि भएको थियो ।



समीक्षा वर्षसम्ममा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको निक्षेपमा कैलाली जिल्लाको अंश सबैभन्दा बढी अर्थात् ४७.२८ प्रतिशत र बाजुरा जिल्लाको अंश सबैभन्दा कम अर्थात् २.५० प्रतिशत रहेको छ। त्यसैगरी, समीक्षा वर्षसम्ममा अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जामा कैलाली जिल्लाको अंश सबैभन्दा बढी अर्थात् ६८.७९ प्रतिशत र बाजुरा जिल्लाको सबैभन्दा कम अर्थात् ०.९८ प्रतिशत प्रतिशत रहेको छ।


**तालिका ५.२ : जिल्लागत निक्षेप तथा कर्जाको अवस्था (रु. दश लाखमा)**

| जिल्ला | निक्षेप तथा कर्जा (रु.दश लाखमा) | | हिस्सा (प्रतिशत) | |
|---|---|---|---|---|
| | निक्षेप | कर्जा | निक्षेप | कर्जा |
| बाजुरा | ३,३५९.३३ | १,४८४.८२ | २.५० | ०.९८ |
| बझाङ | ४,५२३.८६ | २,१७५.०२ | ३.३७ | १.४३ |
| दार्चुला | ६,०७६.८० | २,१३६.०३ | ४.५३ | १.४१ |
| बैतडी | ६,८०८.७२ | १,९२२.७९ | ५.०७ | १.२७ |
| डडेलधुरा | ७,५४९.३८ | ४,५२४.९० | ५.६२ | २.९८ |
| डोटी | ५,९०७.४३ | ३,०७०.५३ | ४.४० | २.०२ |
| अछाम | ५,३८४.२३ | २,८३५.०५ | ४.०१ | १.८७ |
| कैलाली | ६३,४७७.२१ | १०४,३६७.४९ | ४७.२८ | ६८.७९ |
| कञ्चनपुर | ३१,१७५.१२ | २९,१९६.२९ | २३.२२ | १९.२४ |
| **जम्मा** | **१३४,२६२.०६** | **१५१,७१२.९३** | **१००.००** | **१००.००** |

*स्रोत: नेपाल राष्ट्र बैंक।*


## ५.३.२ वित्तीय समावेशीता तथा विविध कर्जा

२०८० असार मसान्तसम्म कुल निक्षेपकर्ताको संख्या २०७९ असार मसान्तको तुलनामा १३.७७ प्रतिशतले बढ्न गई ३४ लाख ३६ हजार ६ सय ७३ पुगेको छ भने कुल ऋणीको संख्या गत आ.व.को तुलनामा ७.६० प्रतिशतले घट्न गई ९९ हजार ७ सय ६१ पुगेको देखिन्छ।




२०८० असार मसान्तसम्म विपन्न वर्गको कर्जा २०७९ असार मसान्तको तुलनामा ३.० प्रतिशतले घट्न गई ११ अर्ब ७१ करोड पुगेको छ। गत वर्ष सोही अवधिमा यस्तो कर्जा ४.४३ प्रतिशतले वृद्धि भएको थियो। यसैगरी, २०८० असार मसान्तसम्म सहुलियतपूर्ण कर्जा २०७९ असार मसान्तको तुलनामा ८.३९ प्रतिशतले घट्न गई ९ अर्ब ६७ करोड पुगेको छ। गत वर्ष सोही अवधिमा यस्तो कर्जा ४०.२४ प्रतिशतले वृद्धि भएको थियो। पुनरकर्जा भने समीक्षा वर्षमा प्रवाह भएको छैन्।


**चार्ट ५.५ : विविध प्रकारका कर्जा (रु. दश लाखमा)**




## ५.४ फण्ड ट्रान्सफर (तोडा चलान)

आर्थिक वर्ष २०७९/८० मा सुदूरपश्चिम प्रदेशका ९ जिल्लामा रहेका नोटकोषहरु (आठ वटा वाणिज्य बैंकमा रहेको तथा १ वटा नेपाल बैंकमा रहेको) मा यस कार्यालयबाट कुल रकम रु. १० अर्ब ७० करोड फण्ड ट्रान्सफर भएको छ । गत वर्षको सोही अवधिमा यस प्रदेशमा रहेका नोटकोषहरुमा रु. ९ अर्ब ७२ करोड २८ लाख ५० हजार फण्ड ट्रान्सफर भएको थियो ।

**चार्ट ५.६ : जिल्लागत फण्ड ट्रान्सफरको अवस्था (रु. करोडमा)**




*स्रोत : नेपाल राष्ट्र बैंक धनगढी कार्यालय ।*

## ५.५ यातायात तथा सञ्चार

(क) **यातायात:** समीक्षा वर्षसम्ममा यस प्रदेशमा दर्ता भएका कुल सवारी साधनको संख्या अघिल्लो वर्षको तुलनामा ४.१७ प्रतिशतले वृद्धि भई २ लाख ४ सय ७ पुगेको छ । यसमध्ये मोटरसाइकलको संख्या ४.३५ प्रतिशतले वृद्धि भई १ लाख ५२ हजार ५ सय ९२ तथा अन्य सवारी साधनको संख्या ३.५८ प्रतिशतले वृद्धि भई ४७ हजार ८ सय १५ पुगेको छ ।

**तालिका ५.३ : यातायात साधनको संख्या**

| विवरण | २०७८ असार मसान्त | २०७९ असार मसान्त | २०८० असार मसान्त | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| **यातायातका साधनको संख्या** | १,७०,३७६ | १,९२,३९० | २,००,४०७ | १२.९२ | ४.१७ |
| मोटरसाईकल | १,२९,१९७ | १,४६,२२८ | १,५२,५९२ | १३.१८ | ४.३५ |
| अन्य | ४१,१७९ | ४६,१६२ | ४७,८१५ | १२.१० | ३.५८ |

*स्रोत: यातायात व्यवस्था कार्यालयहरु ।*

**(ख) सञ्चार:** २०८० असार मसान्तसम्ममा सुदूरपश्चिम प्रदेशमा नेपाल टेलिकम तथा एनसेलबाट वितरित ल्याण्डलाईन टेलिफोन तथा मोबाईलको संख्या गत वर्षको तुलनामा ४.८० प्रतिशत वृद्धि भई २४ लाख ७३ हजार ३ सय ३६ पुगेको छ भने इन्टरनेट प्रयोगकर्ताको संख्यामा १८.११ प्रतिशत वृद्धि भई २८ लाख ८ हजार ३ सय ६२ पुगेको छ ।

**तालिका ५.४ : सञ्चार सुविधा**

| वितरित टेलिफोन संख्या | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| स्थाई (फिक्स्ड) | १२,४०७ | १०,५२९ | – १५.१४ |
| मोबाइल | २३,४७,७०७ | २४,६२,८०७ | ४.९० |
| अन्य | | | |
| **कुल जम्मा** | **२३,६०,११४** | **२४,७३,३३६** | **४.८०** |
| | | | |
| **ईन्टरनेट सेवा** | **आ.व. २०७८/७९** | **आ.व. २०७९/८०** | **प्रतिशत परिवर्तन** |
| Fixed Broadband (Wired) | २३,१६९ | २५,४१७ | ९.७० |
| Fixed Broadband (Wireless) | ९११ | ९०० | – १.२१ |
| Mobile Broadband | २३.५३,६५८ | २७,८२,०४५ | १८.२० |
| **कुल जम्मा** | **२३,७७,७३८** | **२८,०८,३६२** | **१८.११** |

* नेपाल टेलिकमबाट वितरित जि.एस.एम मोबाईल सहित सम्पूर्ण टेलिफोन सेवा

*स्रोत : नेपाल दूरसञ्चार प्राधिकरण क्षेत्रीय कार्यालय अत्तरिया, कैलाली ।*

## ५.६ शिक्षा तथा स्वास्थ्य

**(क) शिक्षा :** आर्थिक वर्ष २०७९/८० को असार मसान्तसम्ममा सुदूरपश्चिम प्रदेशमा सरकारी, निजी एवं सामुदायिक विद्यालय, प्राविधिक शिक्षालय, त्रिभुवन विश्वविद्यालय अर्न्तगत रहेका आंगिक क्याम्पस र सुदूरपश्चिम विश्वविद्यालय तथा सो अन्तर्गतका आंगिक क्याम्पस गरी कुल ४,४५८ वटा शैक्षिक संस्थाहरु संचालनमा रहेका छन् । आर्थिक वर्ष २०७९/८० मा सबै किसिमका अध्ययन संस्थाहरुमा गरी कुल ९ लाख ६९ हजार ५ सय १७ विद्यार्थीहरु अध्ययनरत रहेका छन् भने उक्त संस्थाहरुमा कुल २२ हजार ६ सय २७ जना शिक्षक/प्राध्यापकहरुले अध्यापन गराउँदै आएका छन् ।

**तालिका ५.५ : शैक्षिक तथ्याङ्क**

| विवरण | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | गत वर्षको प्रतिशत परिवर्तन | समीक्षा वर्षको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| विद्यालय/क्याम्पस संख्या | ४,४२२ | ४,४२४ | ४,४५८ | ०.०५ | ०.७७ |
| विद्यार्थी संख्या | ९,०६,४६० | ९,३१,२८९ | ९,६९,५१७ | २.७४ | ४.१० |
| शिक्षक/प्राध्यापक संख्या | २२,२९० | २२,४५८ | २२,६२७ | ०.७५ | ०.७५ |

*स्रोत: जिल्ला शिक्षा समन्वय ईकाइ, विश्वविद्यालयहरु ।*

**(ख) स्वास्थ्य सेवाः** आर्थिक वर्ष २०७९/८० को असार मसान्तसम्ममा यस प्रदेशमा निजी/सामुदायिक/सरकारी गरी कुल ४८ वटा अस्पतालहरु सञ्चालनमा रहेका छन् । उक्त अस्पतालहरुमा कुल ९ सय ९८ शैया मार्फत २३७ जना चिकित्सकहरुले सेवा दिइरहेका छन् ।


**तालिका ५.६ : स्वास्थ्य तथ्याङ्क**

| सरकारी/सामुदायिक/निजी अस्पताल | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | गत वर्षको प्रतिशत परिवर्तन | समीक्षा वर्षको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| अस्पताल संख्या | ४३ | ४६ | ४८ | ६.९८ | ४.३५ |
| चिकित्सक संख्या | १९९ | २२३ | २३७ | १२.०६ | ६.२८ |
| शैया संख्या | ८८९ | ९५९ | ९९८ | ७.८७ | ४.०७ |

*स्रोतः जिल्ला स्वास्थ्य कार्यालयहरु ।*

## ५.७ सेवा क्षेत्र कर्जा

२०८० असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरुले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा २०७९ असार मसान्तको तुलनामा ०.४४ प्रतिशतले बढेर रु. १ खर्ब ८ अर्ब ७ करोड ४२ लाख पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा २५.८५ प्रतिशतले वृद्धि भएको थियो । कुल प्रवाहित कर्जामध्ये सेवा क्षेत्रमा गएको कर्जाको अंश ७१.२४ प्रतिशत रहेको छ । समीक्षा वर्षमा कुल सेवा क्षेत्र कर्जामध्ये थोक तथा खुद्रा विक्रेतासम्बन्धी व्यवसायमा ४६.५५ प्रतिशत, उपभोग्य कर्जामा २७.७७ प्रतिशत, अन्य व्यवसायमा प्रवाहित कर्जा ९.३१ प्रतिशत, पर्यटनमा ३.१८, यातायात भण्डारण र संचारमा २.४३ प्रतिशत, वित्त, बीमा तथा अचल सम्पतिमा १.८३ प्रतिशत, शिक्षा क्षेत्रमा ३.२६ प्रतिशत, रियल स्टेटमा ३.१८ प्रतिशत, अन्य सेवा व्यवसायमा १.२४ प्रतिशत र स्वास्थ्य र अन्य सामाजिक कार्यमा १.२५ प्रतिशत अंश रहेको छ ।




*स्रोतः नेपाल राष्ट्र बैंक ।*

२०८० असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल सेवा क्षेत्र कर्जामध्ये कैलाली जिल्लाको अंश ६६.८० प्रतिशत, कञ्चनपुर जिल्लाको अंश १९.७२ प्रतिशत, डडेलधुरा, डोटी, अछाम, दार्चुला, बझाङ, बैतडी, तथा बाजुरा जिल्लाको अंश क्रमशः ३.२४ प्रतिशत, २.२४ प्रतिशत, २.२१ प्रतिशत, १.५७ प्रतिशत, १.६४ प्रतिशत, १.४३ प्रतिशत र १.१४ प्रतिशत रहेको छ ।

**तालिका ५.७ : सेवाक्षेत्र कर्जा प्रवाहको अवस्था**

| जिल्ला | सेवा क्षेत्र कर्जा (रु. अर्बमा) | सेवा क्षेत्र कर्जा (हिस्सा) |
|---|---|---|
| दार्चुला | १.६९ | १.५७ |
| बैतडी | १.५५ | १.४३ |
| डडेलधुरा | ३.५१ | ३.२४ |
| कञ्चनपुर | २१.३१ | १९.७२ |
| बझाङ | १.७७ | १.६४ |
| बाजुरा | १.२३ | १.१४ |
| डोटी | २.४३ | २.२४ |
| अछाम | २.३९ | २.२१ |
| कैलाली | ७२.१९ | ६६.८० |
| **जम्मा** | **१०८.०७** | **१००.००** |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

## ५.८ सहकारी

भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सहकारी विभागको सहकारी झलक, २०७७ को तथ्याङ्क बमोजिम यस प्रदेशमा रहेका २,०६० सहकारीहरुमध्ये नमूनाको रुपमा छनौट गरिएका १० वटा सहकारीहरुको विस्तृत रुपमा अध्ययन गर्दा देहायबमोजिमको अवस्था रहेको पाईयो ।

**तालिका ५.८ : नमुना छनौट गरिएका सहकारीहरुको वित्तीय स्थिती**

| विवरण | आ.व.२०७७/७८ (असार मसान्त) | आ.व.२०७८/७९ (असार मसान्त) | आ.व.२०७९/८० (असार मसान्त) | गत वर्षको प्रतिशत परिवर्तन | समीक्षा वर्षको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| कुल पुँजी (रु. दश लाखमा) | ५१३.६१ | ६५७.६८ | ६८५.११ | २८.०५ | ४.१७ |
| कुल बचत (रु. दश लाखमा) | ४५९८.०९ | ४४३३.६० | ४७९९.३७ | – ३.५८ | ८.२५ |
| कुल ऋण (रु. दश लाखमा) | ३६०६.०० | ४२९१.१८ | ४३४६.०१ | १९.०० | १.२८ |
| सदस्य संख्या | ३७,००७ | ४४,८७३ | ४६,३०० | २१.२६ | ३.१८ |
| कर्मचारी संख्या | १७७ | १७९ | १८२ | १.१३ | १.६८ |
| संस्था संख्या | १० | १० | १० | | |

*स्रोत : जिल्लास्थित सम्बन्धित सहकारीहरु ।*

समीक्षा वर्षमा नमूना छनौटमा परेका १० वटा सहकारीहरुले संकलन गरेको कुल पुँजी गत वर्षको तुलनामा ४.१७ प्रतिशतले वृद्धि भई रु.६ अर्व ८५ करोड ११ लाख पुगेको छ । गत वर्ष यस्तो पूँजी २८.०५ प्रतिशतले वृद्धि भई रु.६ अर्व ५७ करोड ६८ लाख पुगेको थियो । यसैगरि, कुल बचत गत वर्षको तुलनामा ८.२५ प्रतिशतले बढ्न गई रु.४७ अर्व ९९ करोड ३७ लाख पुगेको छ । गत वर्ष यस्तो बचत ३.५८ प्रतिशतले घट्न गई रु.४४ अर्व ३३ करोड ६० लाख पुगेको थियो । यसैगरी समीक्षा वर्षमा नमूना छनौटमा परेका १० वटा सहकारीहरुले प्रवाह गरेको कुल ऋण गत वर्षको तुलनामा १.२८ प्रतिशतले वृद्धि भई रु.४३ अर्व ४६ करोड १ लाख पुगेको छ । गत वर्ष यस्तो ऋण १९.० प्रतिशतले वृद्धि भई ४२ अर्व ९१ करोड १८ लाख पुगेको थियो ।

समीक्षा वर्षमा छनौट गरिएका सहकारी संस्थाका सदस्यहरुको संख्या ३.१८ प्रतिशत र सहकारी संस्थामा काम गर्ने कर्मचारीको संख्या १.६८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो आर्थिक वर्ष २०७८/७९ मा सदस्य संख्या २१.२६ प्रतिशत र कर्मचारी संख्या १.१३ प्रतिशतले वृद्धि भएको थियो ।

**चार्ट ५.८ : नमुनाको रुपमा छनौट गरिएका सहकारीहरुको बचत तथा ऋणको अवस्था**
**(रु. दश लाखमा)**




***नोट :*** *सहकारी छनौट गर्दा अध्ययन क्षेत्रका प्रत्येक जिल्लाबाट १ वटाका दरले हुने गरी जम्मा ९ वटा तथा कैलाली जिल्लाबाट थप १ गरी जम्मा १० वटा सहकारी छनौट गरिएको छ ।*

## ५.९ सेवा क्षेत्रको चुनौती र सम्भावना

### चुनौतीहरुः

- सुदूरपश्चिम प्रदेशको विकासको मेरुदण्डको रुपमा रहेका धार्मिक, सांस्कृतिक, पुरातात्विक पर्यटकीय पूर्वाधारहरुको विकास तथा प्रवर्द्धनमार्फत आन्तरिक एवं बाह्य पर्यटकको लागि आकर्षक गन्तव्य स्थल निर्माण गर्नु ।
- पर्यटकस्तरीय होटल तथा होमस्टे व्यवसायको विकास गर्दै आन्तरिक तथा बाह्य पर्यटकहरुको बसाई अवधि बढाउनु ।
- विद्युतीय सवारी साधनहरु सञ्चालन गर्न आवश्यक भौतिक पूर्वाधार निर्माण गर्नु ।
- ग्रामीण क्षेत्रहरुमा स्वास्थ्य तथा शिक्षातर्फ दरबन्दी बमोजिम स्वास्थ्यकर्मी र शिक्षक/शिक्षिकाहरु व्यवस्थापन गरी सेवा प्रदान गर्ने ।
- बचत तथा ऋण सहकारी संस्थाहरु प्रति जनविश्वास कायम राख्न उचित नियमन तथा सुपरिवेक्षण गर्ने संयन्त्रको विकास गर्नु ।
- सीप विकास कार्यक्रम, सामाजिक सुरक्षा, उद्योग तथा व्यापार विकासमार्फत स्वदेशमै रोजगारका अवसरहरु सिर्जना गरी कामको खोजीमा विदेश पलायन हुने प्रवृत्तिलाई निरुत्साहित गर्ने ।
- प्राविधिक सीपयुक्त जनशक्ति स्वदेशमै उत्पादन गरी स्वरोजगार अभिवृद्धि गर्नु ।
- सार्वजनिक यातायात सेवा गुणस्तरीय बनाई सर्वसाधारणहरुको यात्रालाई सहज र कम जोखिमयुक्त बनाउनु ।
- विश्वविद्यालय, क्याम्पस र विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गरी प्रदेशमै गुणस्तरीय शिक्षा प्रदान गर्ने वातावरण निर्माण गर्ने ।

### सम्भावनाहरुः

- स्थानीय तथा प्रदेश सरकारबाट पर्यटन प्रवर्द्धनका लागि आवश्यक पूर्वाधार निर्माण एवम् प्रचार प्रसारका कार्यक्रमहरु सञ्चालनमा रहेकोले आन्तरिक एवम् बाह्य पर्यटकको आगमनमा वृद्धि भई प्रदेशको आर्थिक विकास एवम् रोजगारीमा टेवा पुग्न सक्ने ।
- जनसंख्याको अनुपातमा कर्जा लगानी थोरैमात्र रहेकाले कर्जा लगानीमा वृद्धि गरी आर्थिक गतिविधि तथा रोजगारीका अवसरहरु बढाउन सकिने ।
- सुदूरपश्चिमका सातदेवीहरू डिलासैनी, निङ्लासैनी, मेलौली, शैलेश्वरी, बडिमालिका, उग्रतारा र त्रिपुरासुन्दरीलाई धार्मिक सर्किटको रूपमा प्रवर्द्धन गर्न सकिने ।
- धनगढी विमानस्थललाई स्तरोन्नती गरी क्षेत्रीय विमानस्थलको रूपमा विकास गर्न सकिने ।
- प्रदेश सरकार तथा स्थानीय तहबाट पर्यटन प्रवर्द्धनका लागि आवश्यक पूर्वाधार निर्माण एवं प्रचार प्रसारका कार्यक्रमहरु सञ्चालनमा रहेकोले आन्तरिक एवं बाह्य पर्यटकको आगमनमा वृद्धि भई प्रदेशको आर्थिक विकास एवं रोजगारीमा टेवा पुग्न सक्ने ।
- कैलालीको गेटामा स्वास्थ्य विज्ञान विश्वविद्यालय को स्थापना भएपश्चात गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा उपलब्ध हुनुका साथै यी पूर्वाधारहरुको सञ्चालनले आसपासका क्षेत्रमा आर्थिक गतिविधि विस्तार हुन सक्ने ।
- यस प्रदेशमा सञ्चार तथा सूचना प्रविधिको क्षेत्रमा समेत उल्लेख्य विकास भएकाले आधुनिक प्रविधिको प्रयोगमार्फत सेवा क्षेत्रलाई थप e-commerce business तर्फ चलायमान बनाउन सकिने ।

# परिच्छेद ६: पूर्वाधार र रोजगारी

## ६.१ पूर्वाधार क्षेत्र


२०७९ फागुनसम्ममा राष्ट्रिय रुपमा विद्युतको पहुँच (वैकल्पिक उर्जा समेत) पुगेको जनसंख्या ९५.०० प्रतिशत रहेको छ भने सुदूरपश्चिम प्रदेशमा ७३.० प्रतिशत रहेको छ त्यसैगरी, सोही अवधिसम्ममा कुल राष्ट्रिय विद्युत् उत्पादन २ हजार ५ सय ८४ मेगावाट रहेको छ भने सुदूरपश्चिम प्रदेशमा १०८ मेगावाट विद्युत उत्पादन भएको छ ।

आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्म प्रादेशिक तथा स्थानीयस्तरमा ६६ हजार ५७ किलोमिटर सडक निर्माण भएकोमा सोमध्ये कच्ची, ग्राभेल र कालोपत्रे सडक क्रमशः ४७ हजार ३ सय २०, १४ हजार र ४ हजार ७ सय ३७ किलोमिटर रहेको छ। सोही अवधिसम्ममा सुदूरपश्चिम प्रदेशमा ५ हजार ६ सय ४ किलोमिटर सडक निर्माण भएकोमा कच्ची, ग्राभेल र कालोपत्रे सडकको अंश क्रमशः ४ हजार १ सय ४९, १ हजार २ सय ३० र २ सय २५ किलोमिटर रहेको छ।[२]

## ६.२ प्रदेशका ठुला परियोजनाहरुको स्थिति

### (क) रानीजमरा कुलरिया सिँचाई आयोजना

कैलाली जिल्लामा अवस्थित यस आयोजनाले कुल ३८ हजार हेक्टर क्षेत्रफलमा सिँचाई उपलब्ध गराउने र ४.७१ मे.वा. विजुली उत्पादन गर्ने लक्ष्य लिएको छ। आयोजनाको अनुमानित कुल लागत २७.७ अर्ब रहेकोमा २०८० असार मसान्तसम्ममा वित्तीय प्रगति ६७.३५ प्रतिशत रहेको छ । वि.सं. २०८०/८१ मा सम्पन्न हुने लक्ष्य लिएको यस आयोजनाबाट २०८० असार मसान्तसम्म ११ हजार हेक्टर क्षेत्रफलमा सिँचाई उपलब्ध रहेको र भौतिक प्रगति ६५.८५ प्रतिशत रहेको देखिन्छ । हाल परियोजनामा कुल ६२ पुरुष र ११ महिला गरि ७३ जनाले रोजगारी प्राप्त गरेका छन् ।



**स्रोत : रानीजमरा कुलरिया सिँचाई आयोजना कार्यालय, कैलाली ।**

### (ख) महाकाली सिँचाई योजना

कञ्चनपुर जिल्लामा अवस्थित महाकाली सिँचाई आयोजना नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७७/०८/३० को निर्णय बमोजिम राष्ट्रिय गौरवको आयोजनामा स्तरनोति भएको हो । यस आयोजनाको पानीको मूल स्रोत महाकाली (टनकपुर ब्यारेज) नदी रहेको छ । सन् १९९६ मा नेपाल र भारत बिच भएको सम्झौता (Mahakali Integrated Development Treaty) अनुरुप नेपालले टनकपुर ब्यारेजबाट हिँउदमा ३०० क्यूसेक र गर्मी याममा १,००० क्यूसेक पानी पाउने व्यवस्था रहेको छ ।



**स्रोत : स्थलगत सर्वेक्षण ।**

यस आयोजनाबाट कैलाली र कञ्चनपुर जिल्लाको ३३,५२० हे सुविधा उपलब्ध गराई कृषकको आय आर्जनमा बृद्धि गरी लगभग १,३५,००० नागरिकको जीवनस्तर सुधार गर्ने अपेक्षा राखिएको छ । वि.सं. २०८७/८८ मा सम्पन्न हुने लक्ष्य लिइएको उक्त आयोजनाको अनुमानित कुल लागत ३५ अर्ब

---

[२] *आर्थिक सर्वेक्षण २०७९/८०*

रहेको छ । महाकाली सिंचाई आयोजनाको कार्यालयले उपलब्ध गराएको विवरण बमोजिम २०८० असार मसान्तसम्म उक्त आयोजनाको भौतिक प्रगति १९.२९ प्रतिशत र वित्तीय प्रगति १८.८४ प्रतिशत रहेको छ ।

### (ग) दोधारा-चाँदनी सुख्खा बन्दरगाह तथा एकीकृत जाँच चौकी

नेपाल सरकारको २०८०/८१ को नीति तथा कार्यक्रमको बुँदा नं ६० मा तीन वर्षभित्र दोधारा चाँदनी सुक्खा बन्दरगाह निर्माण गरिने र महाकाली करिडोर निर्माणलाई प्राथमिकतामा राखिने विषय उल्लेख भएकोमा सम्माननीय प्रधानमन्त्रीको २०८० जेठमा भारत भ्रमणका क्रममा उक्त बन्दरगाह र एकीकृत जाँचचौकी निर्माण गर्ने जिम्मा भारतलाई दिने सहमति भएको छ । दोधारा चाँदनीमा सुख्खा बन्दरगाह र एकीकृत भन्सार जाँच चौकी निर्माण आगामी वर्ष सुचारु हुने र सो परियोजनाको निर्माणसँगै सुदूरपश्चिम प्रदेशमा विकासको ढोका खुल्ने आशा गरिएको छ । निर्माण पश्चात् भारतको दिल्ली, गुजरात लगायतबाट सुक्खा बन्दरगाहबाट सोझै सुदूरपश्चिममा विभिन्न सामान आयात तथा निर्यात गर्न सकिनेछ ।

### (घ) पश्चिम सेती

भारतीय कम्पनी एनएचपीसी लिमिडेटले अध्ययन सुरु गरेको ७५० मेगावाटको पश्चिम सेती र ४५० मेगावाटको सेती नदी-६ जलविद्युत आयोजना निर्माण भए सुदूरपश्चिम प्रदेशमा मात्र नभई समग्र देशमा कयौं अवसर सिर्जना हुने सक्नेछन् । लगानी बोर्डले गरेको प्रारम्भिक अध्ययनमा पश्चिम सेती जलविद्युत् आयोजना निर्माण गर्न १ अर्ब ३२ करोड अमेरिकी डलर र सेती नदी-६ आयोजना निर्माण गर्न ८० करोड अमेरिकी डलर लगानी गर्नु पर्ने देखिएको छ । पश्चिम सेती र सेती नदी-६ जलविद्युत परियोजना मात्रै होइन दिपायल बजारबाट ३३ किलोमिटरको दुरीमा रहने परियोजनास्थलमा १९५ मिटर अग्लो ड्याम निर्माण भएमा सुदूरपश्चिम प्रदेशको प्रमुख पर्यटकीय स्थलसमेत बन्न सक्नेछ ।

### (ङ) महाकाली पुल आयोजना

महाकाली नदीमा २३.८ मि. चौडाई भएको चार लेनको ८०० मि. पुल निर्माण गर्ने मुख्य लक्ष्य रहेको यस आयोजनको कुल लागत ४१८ करोड रहेको छ । त्यसैगरी ४ लेन र २ सर्भिस लेनको पक्कि RCC नाली सहित ७.८ कि.मि. पहुँच सडक, पहुँच सडकमा पर्ने पुल, नदि नियन्त्रण कार्य र पुलको दायाँ र बायाँ दुबै तर्फ ५.६ कि.मि. तटबन्ध निर्माण गरी Landscaping and Pond Development गर्ने समेत आयोजनाको लक्ष्य रहेको छ । यस आयोजनको निर्माण कार्य २०७४ साल भाद्र ७ गतेबाट सुरु भएको हो भने २०८० चैत १५ भित्र सम्पन्न गर्ने लक्ष्य लिईएकोमा हाल आयोजनाको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । २०८० असार मसान्तसम्म पुल निर्माण एवम् ७.८ कि.मि. पहुँच मार्ग मध्ये करिब ७ कि.मि. सम्पन्न भएको उक्त आयोजनामा १५० जना पुरुष तथा ६० जना महिलाले समेत रोजगारी पाएका छन् ।



**स्रोत : स्थलगत सर्वेक्षण ।**

## ६.३ प्रदेश गौरवका योजनाहरुको स्थिति

सुदूरपश्चिम प्रदेश सरकारले सवै ९ जिल्लामा एक/एकवटा सडक आयोजनाहरु छनौट गरी प्रदेश गौरवका सडक आयोजनाको रुपमा निर्माण कार्य सञ्चालनमा रहेको छ । यसबाट सुदूरपश्चिम प्रदेशमा महत्वपूर्ण भौतिक पूर्वाधार निर्माण भई निजी क्षेत्रलाई आर्थिक विकासमा पछाडी परेका जिल्ला तथा क्षेत्रहरुमा लगानीका लागि प्रोत्साहित गरी रोजगारी प्रवर्द्धन गर्नमा सहयोग पुग्ने देखिन्छ ।

**तालिका ६.१ : प्रदेश गौरवका आयोजनाहरुको प्रगति विवरण**

| क्र.सं. | जिल्ला | आयोजनाको नाम | हालसम्मको प्रगति (कि. मि.) | कुल लम्बाई (कि.मि.) |
|---|---|---|---|---|
| १. | बाजुरा | खप्तड-मार्तडी सडक (सिङ्गडा-जय बागेश्वरी गैरीखाँद डोगडी आटीचौर-मार्तडी सडक | ५ | ६५ |
| २. | बैतडी | सतबाज-श्रीभावर-हाट-दार्चुला सडक | ५.५ | ९० |
| ३. | अछाम | चिसापानी-ऋषिदह-वडिमालिका सडक | २३ कि.मि पक्की, ३७ कि.मि स्तरोन्नती -निर्माणाधीन | २०३ |
| ४. | डडेल्धुरा | दैजी-पोखरा-ढुङ्गाड-बझाङ सडक | ११ | १६८ |
| ५. | दार्चुला | खलङ्गा-खार-देथला-पारीबगर-खण्डेश्वरी सडक | ६ | ९३ |
| ६. | बझाङ | दिपायल-साईपाल सडक | २४ कि.मि स्तरोन्नती -निर्माणाधीन | ९५ |
| ७. | डोटी | सहजपुर-बोक्टान-दिपायल सडक | ९.५ | २०५ |
| ८. | कञ्चनपुर | बेलौरी-कलुवापुर-नाइल-बुडर | २२ | ४६.९३ |
| ९. | कैलाली | भजनी-छोटी भन्सार खेमडी ठुलीगाड सडक | ३.५ | ६० |

*स्रोतः भौतिक पूर्वाधार विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश ।*

## ६.४ जलविद्युत आयोजना

सुदूरपश्चिम प्रदेशमा जलविद्युतको उत्पादन क्षमता १८ हजार १ सय ४९ मेगावाट रहेको छ । विद्युत उत्पादनको यो क्षमता मुलुकको अन्य प्रदेशको तुलनामा सबैभन्दा बढी हो । मुलुकभरिको कुल उत्पादनको २२ प्रतिशत जलविद्युत उत्पादन क्षमता सुदूरपश्चिममा मात्रै छ । त्यसैले सुदूरपश्चिम प्रदेशलाई जलविद्युतको अथाह सम्भावना भएको प्रदेश मानिन्छ ।

यस प्रदेशमा रहेका महाकाली, सेती, चमेलिया, बुढीगंगा, कालंगा लगायतका नदीहरुबाट प्रशस्त मात्रामा जलविद्युत उत्पादन गर्न सकिने सम्भावना रहेको छ । चमेलिया जलविद्युत आयोजनाको ३० मेगावाट, माथिल्लो अपि जलविद्युत आयोजनाको ८ मे.वा. र तल्लो अपि जलविद्युत आयोजनाको ८ मे.वा., मकरीगाड जलविद्युत आयोजनाको १० मे.वा. र कालंगा बेसिन अन्तर्गत निर्माण भएको अपर कालंगा जल विद्युत आयोजनाको ३८.४६ मेगावाट र तल्लो कालंगा जलविद्युत आयोजनाको १५.३३ मेगावाट समेत गरी ११० मेगावाट विद्युत १३२ केभी प्रसारण लाईनमा यसअघि नै जोडिएको छ । नेपाल विद्युत प्राधिकरण अत्तरिया ग्रीड अनुसार कालंगा बेसिन अन्तर्गत निर्मित सानिगाड जलविद्युत आयोजनाको १०.७ मेगावाट र अपर चमेलिया जलविद्युत आयोजनाको ४० मेगावाट विद्युत, १३२ केभी प्रसारण लाईनमा जोडिए पश्चात १३२ के.भी प्रसारण लाईनमा सुदूरपश्चिम प्रदेशबाट १६० मेगावाट विद्युत जोडिने देखिन्छ ।

सुदूरपश्चिम प्रदेशमा निजी क्षेत्रको लगानीबाट निर्माण भईरहेको कालंगा हाईड्रो लिमिटेडले एउटै बेसनमा ६४.४९ मेगावाट विद्युत उत्पादन गरेको छ । निजी क्षेत्रको तर्फबाट एउटै कम्पनीले उत्पादन गरेको यही नै सबैभन्दा ठूलो जलविद्युत आयोजना हो । नेपाल विद्युत प्राधिकरण अत्तरीया ग्रीडका अनुसार आठ मेगावाट भन्दा साना थुप्रै आयोजनाहरु निर्माण सम्पन्न भईसकेको र कतिपय निर्माणको अन्तिम चरणमा रहेका छन् । यस प्रदेशमा साना जलविद्युत आयोजनाहरुमा डोटीको बीपीनगरमा ३.५ मेगावाट, बझाङमा १ मेगावाटको एउटा आयोजना सञ्चालनमा आईसकेको छ भने डोटी जिल्लामा १.५ मेगावाटको एउटा आयोजना निर्माणको अन्तिम चरणमा रहेको छ । यसैगरी, १६० भन्दा बढि मेगावाटका आयोजनाको निर्माण पुरा भएपनि हिँउदमा नदीको पानीको सतह घट्दा उत्पादन समेत घट्ने गरेको छ । विद्युत उत्पादन पानीको सतहमा निर्भर हुने भएकोले कतिपय आयोजनाको विद्युत उत्पादन ५० प्रतिशतभन्दा कम हुने गरेको छ भने बर्षायाममा क्षमता अनुसार शतप्रतिशत विद्युत उत्पादन हुने गरेको छ ।

सुदूरपश्चिमका ठूला आयोजनाहरु पञ्चेश्वर, पश्चिम सेती जस्ता परियोजनाहरुको निर्माणमा भईरहेको ढिलाईले सुदूरपश्चिम प्रदेशमा विद्युत उत्पादन न्यून भएको हो । यी आयोजनाहरु बन्न सकेमा समग्र सुदूरपश्चिम प्रदेश लगायत मुलुकभर पर्याप्त मात्रामा विद्युत आपूर्ति हुनुका साथै छिमेकी राष्ट्रहरुमा विद्युत निर्यात गरी विदेशी मुद्रा आर्जन गर्न

सकिने प्रबल सम्भावना समेत रहेको छ । अतः आन्तरिक पर्यटन, सिँचाई, स्वास्थ्य, रोजगार तथा पूर्वाधार लगायतमा उल्लेख्य सुधार भई यस क्षेत्रको आर्थिक गतिविधिमा टेवा पुग्ने देखिन्छ ।

## ६.५ वैदेशिक तथा आन्तरिक रोजगारी

### (क) वैदेशिक रोजगारी :

आर्थिक वर्ष २०७९/८० को असार मसान्तसम्ममा यस प्रदेशबाट २५ हजार ९ सय ३७ जना पुरुष तथा १ हजार ५ सय २६ जना महिला गरी जम्मा २७ हजार ४ सय ६३ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएको देखिन्छ । जुन समग्र देशभरिबाट श्रम स्वीकृति लिने संख्याको झण्डै ५.५६ प्रतिशत हुन आँउछ । समीक्षा वर्षमा यस प्रदेशबाट वैदेशिक रोजगारीमा जाने श्रमिकको संख्या गत आ.व.२०७८/७९ को तुलनामा १७२.५ प्रतिशतले वृद्धि भएको देखिन्छ ।[3]

### (ख) आन्तरिक रोजगारी :

नेपाल श्रमशक्ति सर्वेक्षण २०७५/७६ को प्रतिवेदन अनुसार सुदूरपश्चिम प्रदेशमा औषत वेरोजगारी दर समग्र नेपालको भन्दा ०.१ प्रतिशतले बढी रहेको छ। सबैभन्दा बढी बेरोजगार दर मधेश प्रदेशमा २०.१ प्रतिशत रहेको छ भने सबैभन्दा कम ७.० प्रतिशत बागमती प्रदेशमा रहेको छ। सुदूरपश्चिम प्रदेशको बेरोजगार दर ११.५ प्रतिशत रहेको छ। प्रादेशिक तुलनामा प्रति जनसंख्या रोजगारी दर सुदूरपश्चिम प्रदेशको सबैभन्दा कम २४.१ प्रतिशत रहेको छ । सुदूरपश्चिम प्रदेशमा औपचारिक क्षेत्रमा काम गर्ने जनशक्ति १४.८ प्रतिशत रहेको छ भने अनौपचारिक क्षेत्रमा ८५.२ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्म सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोषबाट ६ वटा सीपमूलक तालिम संचालन भई ११० जना महिला र ६९ जना पुरुष गरी जम्मा १७९ जना लाभान्वित भएका छन् ।

**तालिका ६.२ : प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सृजित रोजगारीको अवस्था (२०८० असारमसान्तसम्म)**

| जिल्ला | सूचीकृत बेरोजगार व्यक्तिको संख्या | घरधुरी संख्या | कुल रोजगारी प्रदान गरिएको दिन | कुल आयोजना संख्या | रोजगारीमा खटिएकाको संख्या |
|---|---|---|---|---|---|
| बाजुरा | ३०,५०१ | २९,०३५ | २,२४,१०२ | २२३ | २,२७५ |
| बझाङ | १५,७१८ | १४,७५८ | १,४०,८७४ | २७९ | १,५६३ |
| दार्चुला | १७,३१४ | १५,७३८ | १,३६,२१२ | २३४ | १,५४३ |
| बैतडी | २६,९९१ | २६,१०१ | ३,०७,५४८ | ३४० | २,१९१ |
| डडेलधुरा | २१,५०३ | १९,३७२ | १,५४,६२९ | ३६४ | १,७४१ |
| डोटी | १४,८५१ | १४,७७७ | १,२८,१७१ | २०३ | १,४०० |
| अछाम | २३,१९८ | २२,२१० | १,८८,६५४ | २५२ | १,८९४ |
| कैलाली | २८,०३१ | २७,२६२ | २१०,३७७ | ३३८ | २,५३८ |
| कञ्चनपुर | १०,४१३ | १०,२८४ | ९०,१४९ | १८९ | १,५२२ |
| **जम्मा** | **१,८८,५२०** | **१,७९,५३७** | **१५,८०,७१६** | **२,४२२** | **१६,६६७** |

*स्रोतः प्रधानमन्त्री रोजगार कार्यक्रम ।*

आर्थिक वर्ष २०७९/८० असार मसान्तसम्ममा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सुदूरपश्चिम प्रदेशमा १६ हजार ६ सय ६७ जना लाभान्वित भएका छन् । रोजगारीमा खटिएकामध्ये सबैभन्दा बढी कैलाली जिल्लामा २ हजार ५ सय ३८ जना लाभान्वित भएका छन् भने डोटी जिल्लामा सबैभन्दा कम १ हजार ४ सय जना लाभान्वित भएका छन् ।

---

[3] *वैदेशिक रोजगार विभाग, वार्षिक श्रम स्वीकृति विवरण, आ.व.२०७९/८० ।*

## ६.६ पूर्वाधार र रोजगारी क्षेत्रका चुनौती र सम्भावना

### चुनौतीहरुः

- पछिल्लो समय बझाङ जिल्लामा केन्द्रविन्दु भई गएको भुकम्पबाट क्षति भएका भौतिक संरचनाहरुलाई समयमै पूर्ननिर्माण गर्नु चुनौतीपूर्ण रहेको । भौगोलिक विकटता तथा जलवायु परिवर्तनका कारणले हुने भू-क्षय, बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपलाई नियन्त्रण गर्नु ।
- यस प्रदेशका अधिकांश उद्योगहरु भारतीय दक्ष कामदार तथा आयातीत कच्चा पदार्थमा निर्भर रहेकोले स्वदेशी कामदारको दक्षता अभिवृद्धि गरी स्थानीय कच्चा पदार्थको प्रवर्द्धन तथा सुपथ मुल्यमा कच्चा पदार्थ आयात गर्न सकिने व्यवस्था गरी भारतीय कामदारलाई प्रतिस्थापन गर्नु ।
- ठूला विकास निर्माणका आयोजना सञ्चालनका लागि आवश्यक आर्थिक तथा प्राविधिक स्रोत साधनको जोहो गर्नु ।
- प्रदेश गौरवका आयोजनाहरु, रणनीतिक महत्वका पूर्वाधार आयोजना र राष्ट्रिय गौरवका आयोजनाहरु गुणस्तरीय रुपमा समयमा नै सम्पन्न गर्नु ।
- पूर्वाधार निर्माण सम्बन्धमा भएका कार्यहरुको अभिलेख व्यवस्थित गर्दै स्थानीय आवश्यकता अनुसार विकास निर्माणका योजना बनाउनु ।
- उद्योग सञ्चालन प्रोत्साहनका लागि सुपथ मुल्यमा भरपर्दो विद्युतीय सेवाको उपलब्धता प्रदेशका दुर्गमा क्षेत्रमा समेत गराउनु ।
- तिव्र रुपले विकास भइरहेका प्रदेशस्थित सहरहरुमा व्यवस्थित तथा सुनियोजित तवरले बस्ती विकास गर्नु र धनगढी, महेन्द्रनगर जस्ता सहरहरुमा प्रदुषण नियन्त्रण गर्नु ।
- विद्युत क्षमतामा देशकै बढी क्षमता रहेको सुदूरपश्चिम प्रदेशमा विद्युत आयोजनाहरुमा उचित लगानी आकर्षित गर्नु र अध्ययन तथा निर्माणका क्रममा रहेका आयोजनाहरुलाई तिव्रता दिनु ।
- यस प्रदेशबाट वैदेशिक रोजगारीमा जानेको संख्या प्रत्येक वर्ष उच्च दरमा वृद्धि हुँदै गईरहेको परिप्रेक्ष्यमा प्रदेश भित्रै पर्याप्त रोजगारी सिर्जना गरी दक्ष जनशक्ति तथा कामदारहरुको विदेशिने प्रवृति न्यूनीकरण गर्नु ।

### सम्भावनाहरुः


- राष्ट्रिय गौरव तथा प्रदेश गौरवका आयोजनाहरु समयमै सम्पन्न गर्न सके यस क्षेत्रमा बसोबास गर्ने जनताहरुलाई पूर्वाधार र यातायातको सुविधामा सहज पहुँच हुनुका साथै, स्थानीय उत्पादनलाई बजारीकरण गर्न समेत सहज भई आर्थिक क्षेत्र थप चलायमान बनाउन सकिने ।
- सुदूरपश्चिम प्रदेशमा जलविद्युतको उत्पादन क्षमता १८ हजार १ सय ४९ मेगावाट रहेको छ जुन क्षमता मुलुकको छ वटै प्रदेशको तुलनामा सबैभन्दा बढी हो । मुलुकभरिको कुल उत्पादनको २२ प्रतिशत जलविद्युत उत्पादन क्षमता सुदूरपश्चिममा मात्रै छ । त्यसैले सुदूरपश्चिम प्रदेशमा जलविद्युतको अथाह सम्भावना रहेको छ । यस प्रदेशमा रहेका महाकाली, सेती, चमेलिया, बुढीगंगा, कालंगा लगायतका नदीहरुबाट प्रशस्त मात्रामा जलविद्युल उत्पादन गर्न सके समग्र सुदूरपश्चिम प्रदेशको पूर्वाधार विकासका साथै विद्युत निर्यात गरी विदेशी मुद्रा आर्जन गर्न सकिने सम्भावना रहेको छ ।

# परिच्छेदः ७ प्रादेशिक कार्यक्रम तथा योजना

## ७.१ सुदूरपश्चिम प्रदेश सरकारको वित्त स्थिति

आ.व. २०७९/८० का लागि सुदूरपश्चिम प्रदेश सरकारले कुल रु.३६ अर्ब ४३ करोड १४ लाख बजेट बिनियोजन गरेकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयको विवरण अनुसार समीक्षा वर्षमा २४ अर्ब ६ करोड ३० लाख खर्च भएको छ जुन कुल विनियोजनको ६६.०५ प्रतिशत हो । आ.व. २०७८/७९ मा बिनियोजन भएको बजेटको ६८.८१ प्रतिशत खर्च भएको थियो ।

**चार्ट ७.१ : कुल विनियोजित बजेट र खर्चको तुलनात्मक अवस्था (रु.अर्बमा)**




आर्थिक वर्ष २०७९/८० मा चालु खर्चतर्फ बिनियोजन भएको रु.१२ अर्ब २५ करोड मध्ये समीक्षा वर्षमा रु. ८ अर्ब २५ करोड खर्च भएको छ जुन विनियोजन भएको चालु खर्चको ६७.३३ प्रतिशत हो । गत वर्षको सोही अवधिमा यस्तो खर्च ७२.०७ प्रतिशत रहेको थियो । त्यसैगरी, पुँजीगत खर्चतर्फ बिनियोजन भएको रु.२४ अर्ब १८ करोडमध्ये रु.१५ अर्ब ८१ करोड खर्च भएको छ जुन विनियोजन भएको पुँजीगत खर्चको ६५.४ प्रतिशत हो । गत वर्षको सोही अवधिमा समेत यस्तो खर्च ६७.६९ प्रतिशत रहेको थियो ।

सुदूरपश्चिम सरकारले आ.व. २०७९/८० मा आन्तरिक स्रोत र राजश्व बाँडफाँड गरी कुल राजश्व रु. ११ अर्ब ६४ करोड ९३ लाख अनुमान गरेकोमा कुल रु. ९ अर्ब ७९ करोड ७० लाख राजश्व परिचालन गरेको छ जुन कुल राजश्व अनुमानको ८४.१० प्रतिशत हो ।

आ.व.२०७९/८० मा सुदूरपश्चिम सरकारले संघीय सरकारबाट समानीकरण, सशर्त, विशेष र समपुरक गरी कुल रु.१७ अर्ब ५५ करोड ८३ लाख अनुदान प्राप्त गर्ने अनुमान गरेकोमा समीक्षा वर्षसम्म कुल रु.१४ अर्ब ३३ करोड ९७ लाख अनुदान प्राप्त गरेको छ । प्राप्त भएको अनुदान रकममध्ये समानीकरण अनुदानको रकम रु.९ अर्ब ७५ लाख रहेको छ भने सशर्त अनुदानको रकम रु.६ अर्ब ९८ करोड ८० लाख रहेको छ ।

**तालिका ७.१ : सुदूरपश्चिम प्रदेशको बजेटको प्रगति विवरण**

| शीर्षक | आ.व. २०७८/७९ | | आ.व. २०७९/८० | | प्रगति (प्रतिशत) | |
|---|---|---|---|---|---|---|
| | बजेट | यथार्थ | बजेट | यथार्थ | २०७८/७९ | २०७९/८० |
| कुल बजेट विनियोजन (अर्बमा) | ३०.३३ | २०.८७ | ३६.४३ | २४.०६ | ६८.८१ | ६६.०५ |
| चालु खर्च (अर्बमा) | १२.३८ | ८.९२ | १२.२५ | ८.२५ | ७२.०७ | ६७.३३ |
| पुँजीगत खर्च (अर्बमा) | १७.६५ | ११.९५ | २४.१८ | १५.८१ | ६७.६९ | ६५.४० |
| कुल राजश्व* (अर्बमा) | १३.१३ | १०.१७ | ११.६४ | ९.७९ | ७७.४५ | ८४.१० |
| अनुदान (अर्बमा) | १४.५८ | १५.६३ | १७.५५ | १४.३३ | १०७.२ | ८१.६७ |

**राजस्व बाँडफाँट, आन्तरिक आय परिचालन र रोयल्टी आम्दानी गरी जम्मा ।*

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, आर्थिक मामिला मन्त्रालय, सुदूरपश्चिम प्रदेश ।*

## ७.२ स्थानीय तहहरुको बजेट कार्यान्वयनको स्थिति

आर्थिक वर्ष २०७९/८० को अध्ययन प्रतिवेदनमा सुदूरपश्चिम प्रदेशमा रहेका ८८ वटा स्थानीय तहहरुमध्ये जनसंख्याको हिसावले सबैभन्दा बढी जनसंख्या रहेका ५ वटा स्थानीय तहहरु छनौट गरि अध्ययन गरिएको छ। सुदूरपश्चिम प्रदेशमा विनियोजित भएको बजेटको करीब १९.४९ प्रतिशत हिस्सा छनौटमा परेका ५ वटा स्थानीय तहहरुमा विनियोजित बजेटको रहेको छ।

**तालिका ७.२ : स्थानीय तहहरुमा भएको बजेट विनियोजन तथा कार्यान्वयनको अवस्था (रु. अर्बमा)**

| स्थानीय निकाय | आ.व.२०७८/७९ | | आ.व.२०७९/८० | | प्रगति (प्रतिशत) | |
|---|---|---|---|---|---|---|
| | बजेट | यथार्थ | बजेट | यथार्थ | २०७८/७९ | २०७९/८० |
| धनगढी उपमहानगरपालिका | १.९६ | १.४५ | २.१२ | १.६५ | ७३.९८ | ७७.८३ |
| गोदावरी नगरपालिका | १.२९ | ०.९७ | १.३४ | १.०८ | ७५.१९ | ८०.६० |
| टिकापुर नगरपालिका | १.१० | ०.८३ | १.१० | ०.९१ | ७५.४५ | ८२.७३ |
| लम्कीचुहा नगरपालिका | १.१९ | ०.८५ | १.१४ | ०.९५ | ७१.४३ | ८३.३३ |
| भिमदत्त नगरपालिका | १.३१ | १.१३ | १.४० | १.१५ | ८६.२६ | ८२.१४ |
| **जम्मा** | **६.८५** | **५.२३** | **७.१** | **५.७४** | **७६.३५** | **८०.८५** |

*स्रोत: सम्बन्धित स्थानीय तहहरु, सुदूरपश्चिम प्रदेश।*

आर्थिक वर्ष २०७९/८० मा छनौटमा परेका स्थानीय तहहरुमा कुल ७ अर्ब १० करोड बजेट विनियोजन भएकोमा समीक्षा वर्षसम्ममा ५ अर्ब ७४ करोड खर्च भएको छ। जुन कुल विनियोजित बजेटको ८०.८५ प्रतिशत हुन आउँछ। यस्तो बजेट गत आर्थिक वर्षमा ६ अर्ब ८५ करोड विनियोजन भएको थियो भने ५ अर्ब २३ करोड खर्च भएको थियो। जुन कुल विनियोजित बजेटको ७६.३५ प्रतिशत हुन आँउछ।


**तालिका ७.३ : आ.व.२०७९/८० मा स्थानीय तहहरुको बजेट प्राथमिकताको कार्यान्वयन अवस्था (प्रतिशतमा)**

| स्थानीय निकाय | भौतिक पूर्वाधार | कृषि | उद्योग | पर्यटन |
|---|---|---|---|---|
| धनगढी उपमहानगरपालिका | ७१.६८ | ४८.५४ | ९५.४४ | ९६.९८ |
| गोदावरी नगरपालिका | ६०.४५ | ५०.१० | ९९.३८ | ९९.२६ |
| टिकापुर नगरपालिका | - | ६६.८२ | ७१.१० | ६८.९० |
| लम्कीचुहा नगरपालिका | ७२.६२ | ४४.७ | ५८.५३ | २०.३५ |
| भिमदत्त नगरपालिका | ७३.१५ | ४८.८२ | ७४.१२ | ९९.११ |

*स्रोत: सम्बन्धित स्थानीय तहहरु, सुदूरपश्चिम प्रदेश।*

समीक्षा वर्षमा छनौटमा परेका स्थानीय तहहरुको बजेट विनियोजन प्राथमिकतामा परेका शीर्षकहरु जस्तै भौतिक पूर्वाधार, कृषि, उद्योग र पर्यटन आदीको कार्यान्वयन अवस्था देहायबमोजिम रहेको देखि

**चार्ट ७.२ : आ.व. २०७९/८० मा बजेट विनियोजनको प्राथमिकता (रु. करोडमा)**




*स्रोत: सम्बन्धित स्थानीय तहहरु, सुदूरपश्चिम प्रदेश।*

# परिच्छेद ८ : आर्थिक परिदृष्य

समीक्षा वर्षमा आर्थिक क्रियाकलापहरु विस्तारै चलायमान हुन थालेकोले आगामी आर्थिक वर्ष समग्र आर्थिक परिदृष्यमा क्रमिक सुधार हुँदै जाने देखिन्छ ।

## ८.१ कृषि क्षेत्र

पछिल्लो समय कृषिमा यान्त्रिकरण र आधुनिकीकरण बढेको, मलको उपलब्धता, सिंचाईको सुविधा विस्तार, हाईब्रिड जातको बीउ प्रयोगमा वृद्धि, मकै विशेष कार्यक्रम सञ्चालन, साना सिंचाई योजनाहरुको निर्माण तथा पुराना कुलोहरुको मर्मतसम्भार, तरकारी खेतीमा युवाहरुको आकर्षण, वैदेशिक रोजगारबाट फर्केका युवाहरुको व्यवसायिक कृषि तथा तरकारी खेतीमा संलग्नता आदी कारणले समग्रमा कृषि उत्पादन अनुमानित ७ देखि १५ प्रतिशतले वृद्धि हुने देखिन्छ । यस प्रदेशमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत बाखा ब्लक कार्यक्रमको सञ्चालन, प्रदेश सरकारद्धारा घुम्ती भेडा प्रवर्द्धन कार्यक्रम सञ्चालन, बाखा पकेट क्षेत्रमा वृद्धि, पशुपालन क्षेत्रमा बीमा योजना, व्यावसायिक कुखुरापालन तथा माछापालन विस्तारले मासु, अण्डा, माछा र ऊनको उत्पादन समग्रमा अनुमानित ४ देखि ८ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ ।

## ८.२ औद्योगिक क्षेत्र

समीक्षा वर्षमा बैंक ब्याजदरमा उतारचढाव आएतापनि हाल भने ब्याजदर घट्दो क्रममा रहेको, अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थ र औद्योगिक कच्चा पदार्थको मूल्य समायोजन हुँदै घट्ने क्रम रहेको, प्रदेशमा रहेका उद्योगहरुको क्षमता उपयोगमा वृद्धि देखिएको, औद्योगिक क्षेत्र चलायमान बन्दै गईरहेको, नेपाल सरकार र नेपाल राष्ट्र बैंकले लिएका नीतिका कारण थप पुँजीको परिचालन तथा उत्पादन क्षमतामा विस्तार भई औद्योगिक उत्पादन बढ्ने अनुमान गरिएको छ ।

## ८.३ सेवा क्षेत्र

शिथिल विश्व अर्थतन्त्र तथा समष्टिगत माग विस्तारमा कमी आएतापनि यस प्रदेशमा रहेका होटलहरुको औसत अकुपेन्सी दर र पर्यटक आगनम संख्यामा पछिल्ला महिनाहरुमा सुधार आएको छ। विश्व अर्थतन्त्रमा क्रमिक सुधार आई स्वदेशमा पनि ब्याज दर क्रमशः घटदै जाँदा आर्थिक गतिविधिमा पनि सुधार हुने र स्वदेशी तथा विदेशी पर्यटक आगमनमा पनि विस्तार हुने सम्भावना देखिन्छ। वैदेशिक रोजगारीमा जाने श्रमिकको संख्या वृद्धि हुँदै गएकोले आगामी दिन विप्रेषण आप्रवाह वृद्धि भई आयातमा वृद्धि हुन सक्ने, डिजिटल प्रविधिको बढ्दो प्रयोग, आन्तरिक तथा बाह्य हवाई सेवामा वृद्धि, यातायात, संचार, स्वास्थ्य तथा शिक्षा क्षेत्रमा गरिने लगानीमा वृद्धि हुने लगायतको कारणले सेवा क्षेत्र विस्तार हुने अनुमान गरिएको छ। त्यसैगरी, भू-उपयोग नियमावली संशोधन र कित्ताकाट सम्बन्धी व्यवस्थाहरु खुकुलो बन्दै गएकोले आगामी दिनमा घरजग्गा कारोबार समेत सकारात्मक रुपमा बढ्ने अनुमान गरिएको छ।

## ८.४ पूर्वाधार क्षेत्र

स्थानीय, प्रदेश तथा संघीय सरकारबाट यस प्रदेशका विभिन्न जिल्लाहरुमा सडक विस्तार तथा स्तरोन्नतीको कार्य भईरहेको, राष्ट्रिय तथा प्रदेश गौरवका आयोजनाहरु निर्माण भईरहेको, प्रदेश सरकारका भौतिक पूर्वाधार विकास अन्तर्गतका बजेट र योजनाहरु कार्यान्वयनका क्रममा रहेको, साना तथा ठूला जलविद्युत आयोजना निर्माण, सञ्चालन र १३२ के.भी प्रसारण लाईनमा जोडिने क्रममा रहेको कारणले स्थानीय स्तरमा रोजगारी सिर्जना भई समग्र आर्थिक क्रियाकलापहरुमा वृद्धि हुने अनुमान गरिएको छ ।